राष्ट्रिय जनगणना २०७८

गणना जाँच सर्वेक्षण २०७८

(केन्द्रीय तथ्याङ्क विभागका लागि श्रम अध्ययन कार्यक्रम, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर द्वारा सञ्चालित)

# गणना जाँच सर्वेक्षण निर्देशिका

श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम
त्रिभुवन विश्वविद्यालय

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग

२०७८ फागुन

राष्ट्रिय जनगणना २०७८

## गणना जाँच सर्वेक्षण २०७८

(केन्द्रीय तथ्याङ्क विभागका लागि श्रम अध्ययन कार्यक्रम, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर द्वारा सञ्चालित)

# गणना जाँच सर्वेक्षण निर्देशिका

श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम
त्रिभुवन विश्वविद्यालय

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग

२०७८ फागुन

# दुई शब्द

नेपालको सन्दर्भमा जनगणना एक बृहत् तथ्याङ्कीय क्रियाकलाप हो । यो कार्य छोटो समयमा धेरै जनशक्ति प्रयोग गरी सम्पन्न गरिने भएकोले यसको गुणस्तर कायम गर्नु चुनौतीपूर्ण हुन्छ । मुलुक भित्र संचालन हुने नीति, योजना तथा कार्यक्रमहरू यिनै तथ्याङ्कमा आधारित हुने भएकोले प्राप्त तथ्याङ्कहरूको शुद्धताको परिक्षण जरुरी हुन्छ । गणना जाँच सर्वेक्षण (PES) को आधारबाट अन्तर्राष्ट्रियस्तरमा समेत प्राप्त तथ्याङ्कहरूको शुद्धता र वास्तविकताको स्तर मापन गर्ने गरिन्छ । जनगणना पछि तत्काल सञ्चालन गरिने गणना जाँच सर्वेक्षणले जनसंख्याको नमूनालाई स्वतन्त्र रूपमा सर्वेक्षण गरेर जनगणनाको शुद्धता तथा विश्वसनीयता मापन गर्दछ । साथै यस सर्वेक्षणले जनगणनामा सम्भावित रूपमा छुटेका वा गलत रूपमा गणना भएका व्यक्ति र आवास एकाइहरूको अनुपात अनुमान गर्दछ ।

नेपालले सर्वप्रथम वि.सं. २०३८ साल (सन् १९८१) को जनगणना देखि PES सञ्चालन गर्न शुरु गरिएको थियो । त्यसपछि नियमित रूपमा केन्द्रीय तथ्याङ्क विभागले जनगणना पूरा भएपछि PES सञ्चालन गर्दै आएको छ । सैद्धान्तिक मान्यताअनुसार पहिलो पटक (वि.सं. २०७८ मा) केन्द्रीय तथ्याङ्क विभाग भन्दा बाहिरको स्वतन्त्र निकाय (श्रम अध्ययन कार्यक्रम, मानविकी तथा समाजशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय) मार्फत यो गणना जाँच सर्वेक्षण (PES) गर्न लागिएको हो ।

जनगणना तथा गणना जाँच सर्वेक्षणको परिचय, गणक तथा सुपरिवेक्षकको काम कर्तव्य र आचरण, जनगणना तथा गणना जाँच सर्वेक्षणमा प्रयागे भएका पदावलीहरुको अवधारणा र परिभाषा, गणना जाँच घर तथा परिवार सूचिकरण फाराम भर्ने तरिका, गणना जाँच मुख्य प्रश्नावली भर्ने तरिका, रुजु तथा म्याचिङका विषयबस्तुहरु र अनुसूचीहरु समावेश गरी यस “गणना जाँच सर्वेक्षण निर्देशिका” तयार गरिएको छ । गणना जाँच सर्वेक्षणको कार्यमा अनुगमन तथा सुपरिवेक्षण गर्ने सबै कर्मचारी एवं गणक तथा सुपरिवेक्षकको लागि यो पुस्तिका अति उपयोगी हुने विश्वास लिएको छ ।

अथक परिश्रम र लगनशीलतासाथ यो निर्देशिका तयारीमा संलग्न श्रम अध्ययन कार्यक्रम, मानविकी तथा समाजशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालयको योगदानको स्मरण गर्न चाहन्छु । साथै उक्त पुस्तिका तयारीमा प्राविधिक विषयमा राय सुझाव दिनुहुने यस विभागका जनसंख्या शाखाका सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

नेबिन लाल श्रेष्ठ
महानिर्देशक

# मन्तव्य

नेपालमा दश–दश बर्षमा कुल जनसङ्ख्याको आकार पत्ता लगाउने जनगणनाको इतिहास वि.सं. १९६८ सालबाट शुरू भई २०७८ सालको सफल जनगणना पछि यसले ११० बर्ष पुरा गरेको छ । जनगणनाले देशको जनसङ्ख्याको आकार मात्र नभएर उमेर र लैङ्गिक संरचना, बसाईंको हिसावले भौगोलिक तथा शहरी र ग्रामीण क्षेत्रको वितरण, बसाइँसराईको अवस्था, देशबाट बाहिर भएको जनसङ्ख्या आदिका बारेमा महत्वपुर्ण जानकारी दिन्छ । जनगणनाबाट प्राप्त तथ्याङ्किय सूचनाको विश्लेशणका आधारमा महत्वपूर्ण प्राज्ञिक अनुसन्धान र जनसङ्ख्याका बिशेषाताका आधारमा सामाजिक र आर्थिक नीति तर्जुमा र कार्यान्वयन गरिन्छ । प्राज्ञिक अनुसन्धानको निचोडका आधारमा तर्जुमा गरिने सामाजिक र आर्थिक नीतिको प्रभावकारीता वा विश्वसनियता ब्यक्ति र भौगोलिक क्षेत्रको गणनामा भएको पुर्णतामा भर पर्दछ । जनगणनाको महा अभियानबाट प्राप्त हुने गुणस्तरीय जनसाङ्ख्यिक तथ्याङ्कले सर्वसाधारण जनसमुदाय देखि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका अध्येता, अनुसन्धाता र नीति निर्माता माझ देशको तथ्याङ्क सङ्कलन र व्यवस्थापन प्रणाली बुझ्न र त्यस प्रतिको विश्वास जगाउन मद्दत गर्छ भन्ने मान्यता छ । छोटो समयमा देश भरी विविध सीप र क्षमताको ठूलो सङ्ख्याको मानव संसाधन परिचालन गरेर सम्पन्न गरिने जनगणना शतप्रतिशत पूर्ण र शुद्ध हुन्छ भनेर ठोकुवा गर्न सकिदैन । जनगणनाको व्यवस्थापन र सञ्चालनमा संलग्न नभएको स्वतन्त्र निकायबाट वैज्ञानिक विधि र प्रक्रिया अपनाई जनगणना जाँच सर्वेक्षण गर्ने मान्यता र चलन संयुक्त राष्ट्रसंघले सिफारिस गरे अनुसार नेपाल लगायत संसारका धेरै मुलुकमा स्थापित छ । यसै सन्दर्भमा २०७८ सालको जनगणना सम्पन्न भएको छोटो समयावधी भित्रै यो सर्वेक्षण श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम, त्रि. वि. बाट संचालन गरिंदैछ ।

नेपालमा राष्ट्रिय जनगणना सम्पन्न भए पछि गणना जाँच सर्वेक्षण गर्ने चलन वि.सं. २०३८ सालको जनगणनाबाट सुरू भएको हो । वि.सं. २०३८ देखि २०६८ साल सम्मका चारवटा जनगणना पछि गणना जाँच सर्वेक्षण केन्द्रीय तथ्याङ्क विभागबाट आफ्नै व्यवस्थापनमा भएका थिए । केन्द्रीय तथ्याङ्क विभागले गणना जाँच सर्वेक्षण २०७८ को गहन जिम्मेवारी अन्तर्गत यसको व्यवस्थापन र सञ्चालन सहित जनगणनाको पुर्णता (व्यक्ति, परिवार र भौगोलिक क्षेत्र गणनामा छुट्ने वा दोहोरिने सम्भावना) र बिषयगत त्रुटी (उमेर, लिङ्ग, वैवाहिक स्थिति र साक्षरता जस्ता विशेषतामा फरक) आदिको मापन गर्न पहिलो पटक स्वतन्त्र रूपमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत श्रम अध्ययन कार्यक्रमलाई सुम्पेको छ । जनगणनामा देखिने त्रुटिहरूलाई प्राय दुई प्रकारमा

वर्गीकरण गरेर हेरिन्छ । पहिलो त्रुटिमा व्यक्ति अथवा भौगोलिक क्षेत्र नै गणनामा छुट्नु अथवा गल्तिले दोहोरो गणना हुनु (Coverage Error) लाई मानिन्छ भने दोस्रोमा व्यक्तिका व्यक्तिगत विवरणहरूको गलत टिपोट हुनु (Content Error) लाई लिईन्छ । यस सन्दर्भमा गणना जाँच सर्वेक्षणले पहिलो प्रयासमा व्यक्ति वा भौगोलिक क्षेत्रको गणनामा कुन तह सम्म छुट भएको छ त भनेर निर्क्योल गर्छ भने दोश्रोमा गणना भएका व्यक्ति र स्थानका खास खास विशेषताको टिपोट वा उतारमा के कस्तो भिन्नता छ भनेर अनुमान गर्ने प्रयास गर्दछ । यो निर्देशिकाले गणना जाँच सर्वेक्षणको समग्र पक्ष  सबैले सजिलै बुझ्ने गरी व्याख्या गर्दै सर्वेक्षणको स्थलगत कार्य कसरी गर्दा जनगणनामा कही कतै कुनै खाले त्रुटिहरू भएका छन् छैनन् भनी पत्ता लगाउने उपायहरू सरल तरिकाले राख्ने प्रयास गरेको छ ।

राष्ट्रिय महत्वको यस्तो गहन जिम्मेवारी त्रिभुवन विश्वविद्यालय, श्रम अध्ययन कार्यक्रमलाई विश्वास गरी जिम्मा दिनु हुने केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशक श्री नेबिन लाल श्रेष्ठ तथा उपमहानिर्देशक डा. हेमराज रेग्मी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । त्यसैगरी सर्वेक्षणको विविध पक्षमा आवश्यक सल्लाह सुझाव दिई सहयोग गर्नुहुने निर्देशकद्वय श्री ढुण्डिराज लामिछाने र श्री केशव कुमार गौतम, तथ्याङ्क अधिकृतहरू श्री दीनानाथ लम्साल, श्री निराजन शर्मा, श्री सहनलक्ष्मी ताम्राकार तथा कम्प्युटर अधिकृत श्री डोलनारायण श्रेष्ठ र तथ्याङ्क सहायक श्री विष्णुराज रेग्मीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसका साथै श्रम अध्ययन त्रि.वि.को तर्फबाट यस सर्वेक्षण समुहमा रहेर यति छोटो समयमा विधि विकास, प्रश्नावली निर्माण, नमूना छनोट लगायत यो निर्देशिका लेखन कार्यलाई सफल बनाउन अहोरात्र खट्नुहुने सम्पुर्ण परियोजना विज्ञ सदस्यहरू प्रति विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

प्रा.डा. केशव प्रसाद अधिकारी

संयोजक, श्रम अध्ययन कार्यक्रम त्रि.वि.

# विषयसूची

**परिच्छेद १**

१.१ जनगणनाको परिचय ........ १

१.२ जनगणनाको महत्व र आवश्यकता ........ १

१.३ गणना जाँच सर्वेक्षण (PES) को परिचय ........ २

१.४ गणना जाँच सर्वेक्षणको उद्देश्य........ ३

१.५ गणना जाँच सर्वेक्षण विधि ........ ३

**परिच्छेद २: गणक तथा सुपरिवेक्षकको काम, कर्तव्य र आचरण........५**

२.१ गणकको काम र कर्तव्य ........ ५

२.२ सुपरिवेक्षकको काम र कर्तव्य ........ ६

२.३ आचरण........ ६

२.४ गणक तथा सुपरिवेक्षकले ध्यान दिनुपर्ने व्यवहारिक पक्षहरू ........ ९

२.५ जिम्मेवारी र आचरण विपरित कार्य गरेमा हुने कारबाही........ ९

२.६ गणना क्षेत्र नक्सा प्रयोग गर्ने तरिका र व्यवस्थापन ........ ९

२.७ अनुगमन तथा सुपरिवेक्षण ........ १४

**परिच्छेद ३: जनगणना/गणना जाँच सर्वेक्षण (PES) मा प्रयोग भएका पदावलीहरूको अवधारणा र परिभाषा........ १५**

**परिच्छेद ४: गणना जाँच घर तथा परिवार सूचीकरण फाराम भर्ने तरिका........ २०**

भौगोलिक क्षेत्र पहिचान ........ २०

घर तथा परिवार सूचीकरण ........ २१

**परिच्छेद ५: गणना जाँच मुख्य प्रश्नावली भर्ने तरिका ........ २६**

खण्ड १: परिचयात्मक विवरण ........ २६

खण्ड २: पारिवारिक विवरण ........ २८

खण्ड ३: व्यक्तिगत विवरण ........ ३०

खण्ड ४: रुजु (RECONCILIATION) ........ ४०

जनगणनामा भएको तर हाल PES को समयमा परिवारमा नभएका व्यक्तिहरू (Persons enumerated in the Census but not in the Post Enumeration Survey)........ ४०

**परिच्छेद ६: लगत प्रशोधन तथा जोडा मिलाउने कार्य (कार्यलय प्रयोजनको लागि मात्र) ............. ४३**

**अनुसूचीहरू**

अनुसूची १: छनोटमा परेका गणना क्षेत्रको विवरण ........................................................ ४८

अनुसूची २: प्रदेशको नाम र कोड ......................................................................... ५०

अनुसूची ३: जिल्लाको नाम र कोड ....................................................................... ५१

अनुसूची ४: गणना क्षेत्र नक्शाको नमूना ................................................................... ५२

अनुसूची ५: गणना जाँच घर तथा परिवार सूचीकरण फाराम ............................................. ५३

अनुसूची ६: गणना जाँच मुख्य प्रश्नावली ................................................................... ५४

# परिच्छेद १

## १.१ जनगणनाको परिचय

निश्चित भौगोलिक क्षेत्रमा बसोवास गर्ने सबै व्यक्तिको घरदैलोमा तोकिएको समयावधि भित्रमा गणकहरू पुगी परिवार तथा परिवारका सबै व्यक्तिहरूको जनसांख्यिक, सामाजिक तथा आर्थिक विवरणहरू संकलन गर्ने र यसरी संकलित तथ्याङ्कको प्रशोधन, सारिणीकरण (Tabulation) एवं प्रकाशन गर्ने समष्टिगत प्रक्रियालाई जनगणना भनिन्छ । जनगणनाबाट संकलन भएका तथ्याङ्क देशको सामाजिक तथा आर्थिक विकासका लागि योजना तर्जुमा, नीति निर्माण, अध्ययन, अनुसन्धान गर्न अति नै उपयोगी हुन्छन् । जनगणना सञ्चालनको लागि ठूलो परिमाणमा आर्थिक स्रोत साधन तथा जनशक्ति प्रयोग हुने र तयारीको लागि समेत लामो समय लाग्ने भएकोले जनगणनालाई एक महत्वपूर्ण राष्ट्रव्यापी महाअभियानको रूपमा लिइन्छ ।

नेपालमा वि.सं. १९६८ (सन् १९११) सालदेखि जनगणना गर्ने काम शुरु भएको र त्यसपछि लगभग प्रत्येक १०/१० वर्षको अन्तरमा जनगणना सञ्चालन हुँदै आएको छ । पहिलो र दोस्रो जनगणनाको मुख्य उद्देश्य मालिक, कमारा कमारी, बाँधाको सूची तयार गर्ने रहेको थियो । वि.सं. १९९८ सालसम्म सञ्चालन भएका जनगणना सामान्य व्यक्ति गणना (Head Count) का रूपमा मात्र सीमित थिए भने वि.सं. २००९/११ (सन् १९५२/५४) सालदेखि सञ्चालन भएका जनगणनाहरू जनसंख्याका विशेषता समेत संकलन गरिएका कारण आधुनिक (वैज्ञानिक) जनगणना मानिन्छन् । वि.सं. २०१५ सालमा केन्द्रीय तथ्याङ्क विभागको स्थापना भए पछिका सबै जनगणना यस विभागले सञ्चालन गर्दै आएको छ । यस क्रममा वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना नेपालको बाह्रौं र वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधान बमोजिमको संघीय प्रणाली पश्चातको पहिलो जनगणना हो ।

यस बाह्रौं जनगणनालाई लैङ्गिक समानता तथा सामाजिक समावेशी बनाउन र दिगो विकास लक्ष्यका सूचकहरू मापन गर्न समेत थप ध्यान दिई वडा, गाउँपालिका, नगरपालिका तथा प्रदेशस्तरीय तथ्याङ्क उपलब्ध हुने गरी विवरण संकलन गरिएको छ । यस जनगणनामा संयुक्त राष्ट्रसंघ जनसंख्या कोषले सिफारीस गरेको अवधारणा अनुरुप नै देशका सबै व्यक्तिहरूको गणना सुनिश्चित गर्न **मेरो गणना, मेरो सहभागिता** भन्ने मूल नाराका साथ कोही नछुट्ने र कोही नदोहोरिने गरी जनगणना सञ्चालन गरिएको थियो ।

## १.२ जनगणनाको महत्व र आवश्यकता

वि.सं. २०१३ सालदेखि नागरिकको हितको लागि विभिन्न आवधिक योजनाहरू तथा विभिन्न लोक कल्याणकारी कार्यक्रमहरू तर्जूमा हुँदै आएको छ । आवधिक नीति, योजना तथा कार्यक्रमहरू तर्जूमा, अनुगमन तथा मुल्यांकन गर्न आवश्यक आधारभूत तथ्याङ्क उत्पादन गर्नु राष्ट्रिय जनगणनाको प्रमुख उद्देश्य हो ।

संघीय र प्रदेश निर्वाचन क्षेत्रको संख्या तथा क्षेत्र निर्धारण गर्ने कार्यमा जनगणनाको तथ्याङ्क प्रयोग गरिदै आएको छ । तसर्थ राष्ट्रिय जनगणना अंकको मात्र संकलन नभएर एक राजनीतिक विषय र राष्ट्र निर्माणको एक महान अभियानको महत्वपूर्ण कार्य हो । संविधानमा व्यवस्था भएको मौलिक हकहरू महिलाको हक, दलितको हक, सामाजिक न्यायको हक, आवासको हक, बालबालिकाको हक लगायतका हकहरूको कार्यान्वयन गर्न र त्यसको मूल्यांकन गर्न, सामाजिक सुरक्षा कार्यक्रम तर्जुमा गर्न, आर्थिक तथा सामाजिक रुपले पछाडि परेका महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू, बालबालिका, बृद्ध, बृद्धा, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, पिछडिएको क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरू, धार्मिक अल्पसंख्यक तथा सामाजिक मूल प्रवाहीकरणमा नपरेका व्यक्ति र समुदाय लगायत आम नागरिकको हक हितको सम्बोधन गर्न, तीनै तहको सरकारलाई वित्तीय स्रोत बाँडफाँड लगायतका कार्यका लागि आवश्यक तथ्याङ्क जनगणनाबाट उपलब्ध हुन्छ ।

जनगणनाले एक निश्चित समयमा देशभित्र रहेका सम्पूर्ण घर, परिवार तथा व्यक्तिहरूको बारेमा महत्वपूर्ण विवरणहरू उपलब्ध गराउँछ । यसले जनसंख्याको प्रवृत्ति र विशेषताहरूको बारेमा जानकारी गराउने, लोककल्याणको लागि योजना, नीति तथा कार्यक्रम तर्जूमा गर्न आवधिक रुपमा जनसांख्यिक तथ्याङ्क तथा सूचक उपलब्ध गराउँछ ।

संघीय संरचनामा जनगणनाबाट प्राप्त हुने तथ्याङ्क संघ, प्रदेश र स्थानीय तहका सरकारको लागि आधारभूत तथ्याङ्कको स्रोत हुने र राज्यलाई निरन्तर पृष्ठपोषण उपलब्ध गराउन आम प्रयोगकर्ताहरू बुद्धिजीवि, राजनीतिकर्मी, समाजसेवी, सञ्चारकर्मी, उद्योगपति, व्यापारी, प्राज्ञिक वर्ग, योजनाकार, लैङ्गिक तथा सामाजिक समावेशी विज्ञ, अर्थविज्ञ, शिक्षक, विद्यार्थी लगायत आम नागरिकलाई जनगणनाबाट प्राप्त तथ्याङ्क आवश्यक पर्दछ ।

## १.३ गणना जाँच सर्वेक्षण (PES) को परिचय

नेपालको सन्दर्भमा जनगणना एक बृहत् तथ्याङ्कीय क्रियाकलाप हो । यो कार्य छोटो समयमा धेरै जनशक्ति प्रयोग गरी सम्पन्न गरिने भएकोले यसको गुणस्तर कायम गर्नु चुनौतीपूर्ण हुन्छ । त्यसैले यसमा निहित कमजोरी र त्रुटिहरूलाई नकार्न सकिँदैन । मुलुक भित्र संचालन हुने नीति, योजना तथा कार्यक्रमहरू यिनै तथ्याङ्कमा आधारित हुने भएकोले प्राप्त तथ्याङ्कहरूको शुद्धताको परिक्षण हुन जरुरी हुन्छ । गणना जाँच सर्वेक्षण (PES) को आधारबाट प्राप्त तथ्याङ्कहरूको शुद्धता र वास्तविकताको स्तर मापन गर्ने गरिन्छ । जनगणना पछि तत्काल सञ्चालन गरिने गणना जाँच सर्वेक्षणले जनसंख्याको नमूनालाई स्वतन्त्र रूपमा सर्वेक्षण गरेर जनगणनाको शुद्धता तथा विश्वसनीयता मापन गर्दछ । साथै यस सर्वेक्षणले जनगणनामा सम्भावित रूपमा छुटेका वा गलत रूपमा गणना भएका व्यक्ति र आवास एकाइहरूको अनुपात अनुमान गर्दछ ।

नेपालले सर्वप्रथम वि.सं. २०३८ साल (सन् १९८१) को जनगणना देखि PES सञ्चालन गर्न शुरु गरिएको थियो । त्यसपछि नियमित रूपमा केन्द्रीय तथ्याङ्क विभागले जनगणना पूरा भएपछि PES सञ्चालन गर्दै आएको छ । सैद्धान्तिक मान्यताअनुसार पहिलो पटक (वि.सं. २०७८ मा) केन्द्रीय

तथ्याङ्क विभाग भन्दा बाहिरको स्वतन्त्र निकाय (श्रम अध्ययन कार्यक्रम, मानविकी तथा समाजशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय) मार्फत यो गणना जाँच सर्वेक्षण (PES) गर्न लागिएको हो ।

जनगणनामा सतप्रतिशत व्यक्तिको गणना हुन नसक्ने अवस्था राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न देशहरूले गरेको जनगणना जाँच सर्वेक्षणले देखाएका छन् । जसअनुसार नेपालमा राष्ट्रिय जनगणना २०६८ को गणना जाँच सर्वेक्षणले ३.५६ प्रतिशत व्यक्तिहरू गणनामा छुटेको देखाएको थियो । गणना जाँच सर्वेक्षणले भारतमा सन् २०११ मा भएको जनगणनामा २.३ प्रतिशत व्यक्तिहरू गणनामा छुटेको देखाएको थियो भने अमेरिकामा गरिएका गणना जाँच सर्वेक्षणले सन् २०१० मा भएको जनगणनामा १.१ प्रतिशत व्यक्तिहरू गणनामा छुटेको देखाएको थियो ।

## १.४ गणना जाँच सर्वेक्षणको उद्देश्य

यो गणना जाँच सर्वेक्षणको मुख्य उद्देश्य जनगणनामा कति व्यक्ति र आवास एकाइहरू छुटे, दोहोरिए वा गल्तीले गणना गरिए भन्ने कुराको अनुमान गर्नु हो । यसको विशिष्ट उद्देश्य जनगणनामा जनगणना घर/परिवार वा व्यक्तिहरूको सम्भावित कम-गणना वा अधिक-गणनामा हुने त्रुटि (Coverage error) मापन गर्नु हो । यस्ता त्रुटिहरू मुख्यतया जनगणनाको समयमा घर/परिवार वा व्यक्तिहरूको गणनामा छुटेका वा दोहोरो गणना भएको कारणले हुन सक्दछन् । यसका अतिरिक्त यस PES ले केही व्यक्तिगत विषेशतामा हुने त्रुटि (Content error) समेत मापन गर्ने उद्देश्य राखेको छ ।

## १.५ गणना जाँच सर्वेक्षण विधि

यस सर्वेक्षणमा देशका सबै भू-भागको प्रतिनिधित्व हुने गरी सम्भावित नमुना (Probability Sampling) द्वारा सर्वेक्षण कार्य संचालन गरिन्छ । राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक नतिजाको फ्रेम प्रयोग गरी देशभर ८ वटा विश्लेषणात्मक क्षेत्र (डोमेन) मा ८० वटा गणना क्षेत्र छानिएको छ । जसअनुसार करिव १५,००० परिवारमा सर्वेक्षण सञ्चालन गरिनेछ । यसको विस्तृत विवरण अनुसूची १ मा रहेकोछ ।

सर्वेक्षणको यस विधिमा छनोट भएका परिवारहरूबाट प्राप्त तथ्याङ्कलाई जनगणनाबाट प्राप्त तथ्याङ्कसँग तुलना गरी शुद्धताको परीक्षण गरिन्छ । यस प्रक्रियामा PES समयमा नमूना घरका सबै व्यक्तिहरूका साथै जनगणनाका समयमा परिवारका अन्य व्यक्तिहरूलाई पहिचान गर्ने प्रयास गरिन्छ र प्रत्येक व्यक्तिलाई सोही ठाउँमा बसेको (Non-mover), बाहिर गएको (Out mover), बाहिरबाट आएको (In-mover) गरी मुख्य तीन भागमा वर्गीकृत गरिन्छ । जनगणनाको समय (वि.सं. २०७८ कार्तिक २५ देखि मंसिर ९ गते सम्म) मा परिवारमा उपस्थित भएका व्यक्तिहरूलाई यी तीन वर्गीकरणका आधारमा छुट्याइन्छ, जसलाई तालिका १ मा प्रष्ट्याइएको छ ।

**तालिका १: व्यक्तिहरूको वर्गीकरणको आधार**

| | Census | | | Total |
|---|---|---|---|---|
| PES | | Yes | No | |
| | Yes | M | Persons counted only in PES not in Census | Ns |
| | No | Persons counted only in Census not in PES | Persons missed in both Census and PES | Not in PES |
| Total | | NC | Not in Census | N |

Were:

M = number of persons counted in both census and PES (i.e., matched cases)

Ns = number of persons counted in the PES

Nc = number of persons counted in the Census

N = Estimates of true population which is derived by the equation

$$N = (Nc * Ns)/M$$

यो अवधारणाको आधारमा छानिएका परिवारका व्यक्तिहरूको एक एक मिलान गरी छुटेको, दोहोरिएको वा त्रुटिपुर्ण गणना गरिएको मापन गरिन्छ । यसमा सम्पन्न भएको जनगणनामा कति परिवार वा व्यक्तिको अधिक गणना वा न्यून गणना भयो र व्यक्तिगत विशेषताहरू अन्तरगत उमेर, लिङ्ग, नाता, वैवाहिक स्थिति, शैक्षिक अवस्था र जन्मस्थान समेतको सत्यतथ्य विवरण आए नआएको गणना जाँच सर्वेक्षणको माध्यमबाट जाँच गरिन्छ ।

# परिच्छेद २

# गणक तथा सुपरिवेक्षकको काम, कर्तव्य र आचरण

## २.१ गणकको काम र कर्तव्य

(क) आफूलाई खटाइएको स्थानमा गई गणना जाँच सर्वेक्षणको जनगणना घर र परिवारको सूचिकरण गर्ने;

(ख) सङ्कलित जनगणना घर र परिवार सूचीकरणका आधारमा गणना जाँच प्रश्नावलीका विवरण संकलन गर्ने;

(ग) संकलित प्रश्नावलीका विवरणहरूको गोपनियता कायम गर्ने र सोको सुरक्षा गर्ने;

(घ) कार्यक्षेत्रमा कसैको गणना गर्न छुट भएको वा दोहोरो गणना भए नभएको यकिन गर्ने;

(ङ) गणना जाँच सर्वेक्षणको बारेमा छनोटमा परेका परिवार वा अन्य व्यक्तिलाई जानकारी गराउने;

(च) गणना जाँच सर्वेक्षण निर्देशिका बमोजिम निष्पक्ष भई कार्य गर्ने;

(छ) आवश्यकता बमोजिमका तोकेका अन्य कार्य गर्ने ।

## २.२ सुपरिवेक्षकको काम र कर्तव्य

(क) गणना जाँच सर्वेक्षणको बारेमा स्थानीय तह, छनोटमा परेका परिवार र अन्य व्यक्तिलाई सूचना एवम् जानकारी दिने;

(ख) दैनिक कार्य तालिका बनाई गणकले गरेका कार्यको सुपरिवेक्षण गर्ने तथा तथ्याङ्कको शुद्धता जाँच गर्ने;

(ग) गणकहरूको तालिम, स्थलगत कार्यविभाजन र गणना क्षेत्र नक्साको प्रयोगमा सहयोग गर्ने;

(घ) सङ्कलित विवरणको सूचना नियमित रुपमा सम्बन्धित जनगणना कार्यालयमा जानकारी गराउने;

(ङ) गणना पछि गरिने स्थलगत रुजु (Reconciliation) को लागि तोकिए बमोजिम कार्य गर्ने;

(च) गणना जाँच सर्वेक्षण निर्देशिका बमोजिम निष्पक्ष भई कार्य गर्ने, गराउने;

(छ) जनगणना अधिकारीले तोकेका अन्य कार्य गर्ने ।

## २.३ आचरण

गणना जाँच सर्वेक्षण कार्यमा खटिने कर्मचारी वा गणक तथा सुपरिवेक्षकका रुपमा नियुक्त भएका व्यक्तिले निम्नबमोजिमका आचरणहरू पालना गर्नु पर्नेछ :-

(क) गलत तथ्याङ्क वा विवरण लिन कसैलाई प्रेरित गर्न गराउन नहुने,

(ख) उत्तरदाताको व्यक्तिगत विवरण अरु कसैलाई देखाउन वा भरिएका प्रश्नावलीको प्रतिलिपि बनाई कसैलाई उपलब्ध गर्न गराउन नहुने,

(ग) तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, भण्डारण र प्रकाशन प्रक्रियालाई दुरुपयोग गर्न गराउन नहुने,

(घ) कार्यालयले उपलब्ध गराएको परिचयपत्र अनिवार्यरुपमा लगाउनुपर्ने,

(ङ) उत्तरदाता र आम व्यक्तिसँग सम्मानजनक व्यवहार गर्नु पर्ने, एक अर्काप्रति सौहार्दपूर्ण र शिष्टतापूर्वक बोल्ने जस्ता अनुशासनका नियम पालना गर्नुपर्ने,

(च) आफ्नो जिम्मेवारी अन्तर्गतको कार्य सम्पन्न गर्न नसक्ने भए सोको जानकारी गराउनुपर्ने,

(छ) अनधिकृत व्यक्तिलाई काम जिम्मा लगाउन नहुने,

(ज) हरेक उत्तरदातासमक्ष आफैं पुग्नुपर्ने तथा कुनै एक स्थानमा उत्तरदातालाई बोलाई वा जम्मा गरी तथ्याङ्क सङ्कलन कार्य गर्न वा गराउन नहुने,

(झ) सर्वेक्षण कार्यमा खटिएको अवधिभर अन्यत्र कुनै जिम्मेवारी लिई कार्य गर्न नहुने,

(ञ) कार्यालयको सरकारी कागजात, प्रश्नावली, गणना जाँच निर्देशिका जस्ता कागजात च्यात्न वा नष्ट गर्न नहुने,

(ट) बदनियतपूर्वक वा कुनै प्रलोभनमा परी वा जानाजानी झुटो विवरण सङ्कलन गर्न र आफ्नो जिम्मेवारीको काममा हेलचेक्र्याइँ गर्न नहुने ।

(ठ) सबै लिङ्ग, जातजाति, वर्ग र समुदाय प्रति सम्मान र मर्यादाका साथ व्यवहार गर्नुपर्छ ।

(ड) यौन शोषण र दुर्व्यवहार अस्वीकार्य साथै दण्डनीय भएकाले गणना कार्यमा खटिने गणक, सुपरिवेक्षक, अनुगमनकर्ता वा यसमा संलग्न सबै व्यक्तिका लागि यस्तो व्यवहार प्रतिबन्धित छ ।

## २.४ गणक तथा सुपरिवेक्षकले ध्यान दिनुपर्ने व्यवहारिक पक्षहरू

यस सर्वेक्षणमा प्रत्यक्ष अन्तर्वार्ताको आधारमा विवरण संकलन गरिन्छ। गणकले प्रश्न गरेको आधारमा परिवारमूली वा उत्तरदाताले जवाफ दिने गर्दछन्। त्यसैले तथ्याङ्क संकलन गर्न जाँदा गणकहरूले **राष्ट्रिय जनगणना २०७८ सञ्चालन तथा व्यवस्थापन आदेश २०७६** मा उल्लेख भए अनुसारको आचरण पूर्णरुपमा पालना गर्नु पर्दछ। आफ्नो स्वभाव, भेषभूषा, आनीबानी साथै अरु व्यक्तिसँग गर्ने व्यवहारमा संवेदनशीलता अपनाउन आवश्यक छ। त्यसैगरी गणकले समुदायमा विभिन्न प्रकृतिका मानिसहरू (जस्तै महिला, पुरूष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, गरिब, किसान,

फरक भाषाभाषी तथा संस्कृतिका मानिसहरू, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, विभिन्न जातजाति) लगायतका मानिसहरू हुन्छन् र ती सबैसँग आफूले व्यवहार र कुराकानी राम्रोसँग गर्नुपर्ने हुन्छ भन्ने मान्यता राख्नुपर्छ र यस्ता विषयमा पूर्व जानकारीहरू राख्नुपर्छ । विवरणहरू संकलन गर्न जाँदा गणकहरूले साधारणतया निम्न व्यवहारिक कुरामा ध्यान दिनुपर्दछ ।

**(क) आफ्नो परिचय दिने र सर्वेक्षणको उद्देश्य बताउने**

घरपरिवारमा पुगेपछि उचित प्रकारको अभिवादन (नमस्कार आदि) गर्नुपर्दछ । आफ्नो परिचय दिई सरल र छोटो रुपमा यहाँ आउनुको (गणना जाँच सर्वेक्षण) को उद्देश्य भन्नुपर्दछ । यथासम्भव परिवारको मूली (मुख्य व्यक्ति) वा उत्तर दिनसक्ने परिवारका अन्य सदस्यसँग गणना जाँच सर्वेक्षणका विवरणहरू भर्न केही समय दिनुहोस् भनी अन्तर्वार्ता सुरु गर्नुपर्दछ ।

**(ख) नम्र र धैर्य भई प्रश्न सोध्ने**

विभिन्न परिवारमा विभिन्न स्वभावका मानिसहरू भेटिन सक्छन् । जुनसुकै अवस्थामा पनि गणकले गणना गर्नुपर्ने घरपरिवारका व्यक्तिहरूसँग आत्मीय, नम्र तथा हँसिलो व्यवहार गर्नुपर्दछ । उत्तरदाता शान्त र सामान्य स्थितिमा रहेको अवस्थामा संयमपूर्वक अन्तर्वार्ता सञ्चालन गर्नुपर्दछ । उदाहरणको लागि उत्तरदाताहरू अपाङ्गता भएका व्यक्तिहरू पनि हुन सक्छन् । जसमा कोही बहिरा व्यक्ति हुन सक्छन् जसले उत्तर दिँदा अर्को दोभाषेको प्रयोग गर्न चाहेमा त्यो अवसर दिनुपर्छ । यसैगरि कोही ढिलो बोल्ने वा भकभकाएर बोल्ने हुन सक्छन् । उनीहरूले बोलेको धैर्यतापूर्वक सुन्नुपर्ने हुन्छ । यसैगरि कोही दृष्टिविहीन व्यक्ति हुन सक्छन् जसले गणकलाई प्रत्यक्ष नदेख्ने हुनाले विभिन्न जिज्ञासा हुन सक्छ । त्यसैले गणकले झर्को नमानि विस्तृत परिचय दिनुपर्ने हुन्छ । प्रश्न सोध्दा निजले बुझ्ने गरि नम्र भई प्रश्न सोध्नुपर्छ ।

**(ग) व्यक्तित्व तथा सरसफाईमा ध्यान दिने**

गणकहरू कुनै परिवारमा सर्वेक्षण गर्न जाँदा योग्य गणकको रूपमा प्रस्तुत हुनुपर्दछ । यसको लागि गणकले आफ्नो व्यक्तित्व तथा सरसफाईमा समेत ध्यान दिनुपर्दछ ।

**(घ) निष्पक्ष भई प्रश्नहरू सोध्ने**

कुनै प्रश्न सोध्दा उत्तरदाताले प्रश्न बुझेको छ, छैन र प्रश्न बुझी उत्तर दिएको छ, छैन विचार गर्नुपर्दछ । प्रश्नअनुसार उत्तर प्राप्त नभएको लागेमा प्रश्नको मनसायअनुसार पूरक प्रश्न गरी प्रश्न बुझाई सही र तथ्य उत्तर लेख्नुपर्छ । कुनै प्रश्नको उत्तर गणकले आफैं अनुमान गरी वा स्वविवेकमा लेख्नहुँदैन । **उदाहरणको लागि परिवारमा अक्सर बसोवास गर्ने सदस्य कति छन् र को को हुन् भन्ने थाहा पाउन परिवारको अवधारणा तथा परिभाषा पुनः बुझाउनु पर्छ ।**

प्रश्न सोध्दा पूर्वानुमान तथा अलमल हुने किसिमले र आफैंले अड्कल गरी प्रश्न (Leading Question) गर्नु हुँदैन । जस्तैः “के तपाईं परिवारमूली हुनुहुन्छ ?” को सट्टा “परिवारमूली को

हुनुहुन्छ ?" भनी सोध्नुपर्छ । त्यसैगरी संवेदनशील विषय तथा तथ्य लुक्न सक्ने प्रश्नमा थप उदाहरण दिएर सत्य तथ्य ल्याउने कोशिस गर्नुपर्छ ।

**(ङ) बीचमा कुरा नकाट्ने सबैसाग समान व्यवहार गर्ने**

उत्तरदाताले उत्तर दिंदा अति नै आवश्यक भएमा बाहेक बीचमा कुरा काट्नुहुँदैन । कहिलेकाहीँ उपयुक्त उत्तरदाता वा घरमूली अपाङ्गता भएको व्यक्ति हुँदा हुँदै पनि गणकले उहाँहरूलाई नजरअन्दाज गरेर अरूलाई प्रश्न सोध्ने गर्नु हुँदैन । सबै उत्तरदातालाई समान व्यवहार गर्नु पर्दछ ।

**(च) सिलसिलाबद्ध प्रश्न गर्ने**

परिवारको वा व्यक्तिगत विवरण लिंदा, प्रश्नावलीमा लेखिएअनुसार प्रश्नहरू सिलसिलाबद्ध रूपमा सोधी सोहीअनुसार उत्तर पनि नछुटाइकन अनिवार्य लेख्नुपर्दछ । पछि उत्तर भरौंला वा लेखौंला भनेर छाड्नुहुँदैन । साथै परिवारमूलीले जवाफ नदिंदै आफ्नो विचारले प्रश्नको जवाफ पनि लेख्नुहुँदैन ।

**(छ) प्रश्नावली अनुसार नै प्रश्न गर्ने**

गणकले परिवारमूली वा उत्तरदातासँग प्रश्न गर्दा प्रश्नावलीमा जे लेखिएको छ, सोही अक्षरशः पढेर प्रश्न गर्नुपर्छ । तर प्रश्नावलीमा सम्बोधन गर्ने शब्द "तपाईंको", "यहाँको", "वहाँको" आदि नभए तापनि यी शब्दहरू थपेर प्रश्न गर्दा अझ प्रभावकारी हुनजान्छ । उदाहरणको लागि :- "तपाईंको नाम के हो ?" "लाक्पाको उमेर कति भयो ?" आदि ।

**(ज) असामान्य/विशेष अवस्थामा विवरण संकलन गर्दा ध्यान पुऱ्याउने**

कुनै घरपरिवार विशेष सामाजिक तथा सांस्कृतिक जमघट जस्तैः विवाह, ब्रतबन्ध, ल्होसार, छठ, पूजापाठ आदि तथा असामान्य परिस्थिति जस्तैः मृत्यु, दुर्घटना, दैवीप्रकोप जस्ता अवस्थामा रहेको भए समय मिलाएर मात्र गणना गर्न जानुपर्दछ ।

**(झ) अमर्यादित शब्द प्रयोग गर्न नहुने**

गणकले कुनै पनि घर परिवारमा तथ्याङ्क संकलन गर्न जाँदा प्रश्न सोध्ने क्रममा विशेष ख्याल पुऱ्याउनु पर्दछ । कुनै जातजाति, व्यक्ति वा समुदायलाई ठेस पुग्ने वा उनीहरूको आत्मसम्मानमा चोट पुग्ने शब्द वा लवजहरूको प्रयोग गर्नु हुँदैन । विशेषगरी यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, क्षेत्रीय बहिष्करणमा परेको क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरू, धार्मिक अल्पसंख्यक, बहिष्करणमा परेका महिला, पुरुष, तथा सामाजिक मूल प्रवाहिकरणमा नपरेका व्यक्ति र समुदाय हकमा प्रश्न सोध्दा वा संवाद गर्दा विशेष संवेदनशीलता अपनाउनु जरुरी छ । यी समुदाय वा व्यक्तिसँग प्रश्न सोध्दा वा कुराकानी गर्दा अमर्यादित शब्द प्रयोग हुन सक्ने सम्भाव्यतामा चनाखो रहनुपर्छ । त्यसैगरी यस्ता समुदाय र व्यक्तिहरूलाई प्रश्न नै नसोध्ने वा सोध्न असजिलो वा संकोच मान्ने गर्नु

हुँदैन । बरु मर्यादित र सम्मान योग्य रुपमा प्रश्न सोध्नुपर्छ । यदी कुनै समस्या वा असजिलो भएमा सुपरिवेक्षकसँग सम्पर्क गरी समाधान गर्नुपर्छ ।

(ञ) **कार्य समाप्त भएपछि धन्यवाद दिन नबिर्सने**

सबै प्रश्नहरू सोधी उत्तर प्राप्त भएपछि तत्कालै एक पटक फाराम रुजु गर्नुपर्छ । कुनै विवरणहरू भर्न छुट भएको भए तत्काले सोधी विवरणहरू लेख्नुपर्दछ । भरिएका प्रश्नावली फाराममका उत्तरहरूमा कोड भर्ने ठाउँमा छुटेको छ वा छैन जाँच गरी छुटेको भए कोड पूरा गर्नुपर्दछ । अन्तर्वार्ता सकेपछि उत्तरदातालाई सहयोग गरेवापत नबिर्सिकन धन्यवाद दिनुपर्दछ ।

## २.५ जिम्मेवारी र आचरण विपरित कार्य गरेमा हुने कारबाही

(क) **जिम्मेवारीबाट मुक्त गरिने**: गणना जाँच सर्वेक्षणका खटाइएका कर्मचारी वा नियुक्त भएका वा खटाइएका व्यक्तिले आचरण विपरीत कार्य गरेमा वा गराएमा कर्मचारीको हकमा राष्ट्रिय जनगणना सम्बन्धी जिम्मेवारीबाट हटाउने र त्रिभुवन विश्वविद्यालयको नियम बमोजिम कारवाही र करार सम्झौता गरिएका व्यक्तिको हकमा निजलाई तत्काल जिम्मेवारीबाट मुक्त गरिनेछ ।

(ख) **रकम दाखिला गर्नुपर्ने** : माथि उल्लेखित आचरण विपरित कार्य गरेको कारणले हटाइएका वा नियुक्ति बदर भएका व्यक्तिले आफ्नो जिम्मामा रहेको सम्पूर्ण कागजात, सामग्री तथा पेश्की रकम श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम त्रि. वि. मा दाखिला गर्नु पर्नेछ ।

(ग) **थप सजाय**: गणना जाँच सर्वेक्षणको क्रममा कुनै कर्मचारी वा व्यक्तिले तथ्याङ्क सम्बन्धी प्रचलित कानूनको विपरीत हुने गरी कुनै कार्य गरेमा निजलाई कानून बमोजिमको सजाय समेत हुन सक्नेछ ।

## २.६ गणना क्षेत्र नक्सा प्रयोग गर्ने तरिका र व्यवस्थापन

### नक्सा सम्बन्धी सामान्य जानकारी

सानो आकारमा निकालिएको पृथ्वीको कुनै पनि क्षेत्रको भू-आकृतिलाई नक्सा भनिन्छ । अर्को शब्दमा नक्सा भनेको जमिनलाई कुनै निश्चित मान नापमा उतारिएको चित्र हो । जमिनमा भएका नदी नाला, बाटो, जंगल, वस्ती आदि विस्तृत विवरणहरू नक्सामा देखाइएको हुन्छ । नक्सालाई तलका वाक्यहरूबाट पनि बुझ्न सकिन्छ:

- भौगोलिक सूचनाको दृश्यात्मक (Visual) र सजिलै ग्रहणयोग्य (Tactile) तरिकाबाट प्रतिनिधित्व गर्ने साधन,
- पृथ्वीको सतहको कुनै भागको सानो तथा सरल प्रतिनिधित्व ।

## नक्सा प्रयोग गर्नुअगाडि जान्नुपर्ने कुराहरू

### नक्साको स्केल

नक्सामा देखाइएको दूरी जमिनमा त्यसको वास्तविक नापभन्दा कति गुणा घटाइएको छ भनी देखाउने नापलाई नक्साको स्केल भन्दछन् । उदाहरणको लागि कुनै नक्सामा त्यसको माननाप १:१०० लेखेको रहेछ भने त्यो नक्सामा देखिने दूरी भू-सतहमा हुने वास्तविक नापभन्दा सय गुणा घटाएर बनाइएको भन्ने बुझ्नुपर्दछ । नक्सा प्रयोगकर्तालाई सजिलोको निम्ति नक्साको दूरी जमिनमा कति छ भन्ने थाहा पाउन स्केलबार दिइएको हुन्छ ।

नक्साको कुनै दुई बिन्दुबीचको दूरी अनुमान गर्न स्केलबारको प्रयोग गर्न सकिन्छ । उदाहरणको लागि तल देखाइएको स्केलबारमा एक एकाई बराबर जमिनमा ५० मिटर दुरी हुन्छ ।




### संकेत चिन्ह

जमिनमा भएका विभिन्न वस्तु, आकृति वा भोगोलिक सीमानाहरुलाई निश्चित मापदण्ड बमोजिमका संकेतहरुको प्रयोग गरी नक्सामा देखाइएको हुन्छ । यस गणनाका लागि तयार गरिएका नक्सामा जमिनमा भएका विभिन्न विशेषता (Feature) तथा चोकहरूलाई छुट्टै संकेतहरूको प्रयोग नगरी नक्सामा नै  विस्तृत रूपमा लेखिएको छ भने भौगोलिक सीमानालाई तल उल्लेख गरिएको जस्तो संकेत चिन्ह प्रयोग गरि देखाईएको छ ।




गणना क्षेत्र भित्र रहेका संस्थागत आवास जस्तैः छात्रावास, संयुक्त आवास, सेना र प्रहरीको व्यारेक आदि संरचनाहरूलाई छुट्टै बहुभुज (Polygon) ले जनाई सो को नाम दिइएको छ ।

### नक्सा अभिमुखीकरण

नक्सालाई अध्ययन गर्न सही दिशातर्फ फर्काउनु नै नक्सा अभिमूखीकरण हो । नक्साको सिरान (माथि) तर्फ उत्तर, दायाँतर्फ पूर्व, पुछार (तल) तर्फ दक्षिण र बाँयातर्फ पश्चिम दिशा पर्दछ । नक्सा प्रयोग गर्दा त्यसलाई सुल्टो दिशामा (शीर्षकमा लेखिएका अक्षरहरू उत्तर दिशाबाट आफूतर्फ फर्कने गरी) फर्काएर राख्नुपर्दछ । नक्सा अभिमुख भइसकेपछि नक्सामा देखाइएका विशेषताहरू (Features) र तिनीहरूको जमिनमा अवस्थितिको दिशा पहिचान गरी नक्साको प्रयोग गर्नुपर्दछ । नक्सामा उत्तर दिशा देखाउने गरी तीर वा अन्य कुनै चिन्ह दिइएको हुन्छ भने कुनैमा चारै दिशा देखिने संकेत चिन्ह प्रयोग गरिएको हुन्छ ।



**स्थिति निर्धारण**

नक्सा हेरेर आफू तत्काल रहेको स्थान वा कुनै चिनेको वस्तुको स्थान निर्धारण गर्नु नै स्थिति निर्धारण गर्नु हो । नक्सा हेरेर स्थिति निर्धारण गर्न र नअल्मलिईकन गन्तव्यस्थान पहिचान गर्न निम्न कुराहरू अवलम्बन गर्नुपर्दछ ।

- नक्साको सिरान (माथि) तर्फको भागलाई उत्तर दिशातर्फ फर्काएर सही अभिमुख गर्ने ।
- जमिनमा रहेका केही स्पष्ट ठाउँ र विशेषताहरू (Features) जस्तैः स्कूल, मन्दिर, पुल, सडक आदि हेरी आफ्नो स्थिति निर्धारण गर्ने ।
- नक्सामा आफू रहेको ठाउँ यकिन गरी जमिनको दुरी र दिशा हेरी नजिकका अन्य ठाउँ तथा विशेषताहरू (Features) पहिचान गर्ने ।
- आफ्नो स्थिति निर्धारण भइसकेपछि नक्सामा देखाइएको गन्तव्य स्थानसम्म पुग्न कुन बाटो र कुन ठाउँ भएर जानुपर्दछ अध्ययन गरी सोहीअनुसार भ्रमण गर्ने ।
- नक्साको राम्रोसँग अध्ययन गरीसकेपछि कुन स्थानबाट काम शुरू गर्दा सबै घरपरिवार र व्यक्तिहरूको गणना कोही नछुट्ने तथा कोही नदोहोरिने गरी सम्पन्न गर्न सकिन्छ भन्ने टुङ्गो लगाउने ।

**गणना क्षेत्र**

चारैतिर निश्चित सीमाना भएको र अनुमानित घरपरिवार संख्याको आधारमा बनाइएको सानो भौगोलिक इकाइलाई गणना क्षेत्र भनिन्छ । गणनाको लागि तोकिएको समयमा सामान्यतया एक गणकले एक गणना क्षेत्रमा कार्य गर्दछन् । भौगोलिक क्षेत्र र बसोबासको विशेषता (जस्तैः हिमाल, पहाड, तराई, शहरी र ग्रामीण क्षेत्र) अनुसार समान प्रकारका क्षेत्रहरूमा सकेसम्म समान घरपरिवार संख्या हुने गरी गणना क्षेत्र बनाईएको छ । ठूला घना वस्ती भएका वडाहरूलाई विभाजन गरी धेरै गणना क्षेत्र बनाइएको छ भने पातलो बस्ती भएका स्थानमा साविकको गा.वि.स. का वडा वा वडाहरूलाई जोडी गणना क्षेत्र बनाइएको छ ।

**ब्लक**

नगरपालिका वा बढी जनघनत्व भएका वडाभित्र निश्चित सीमाना छुट्टयाई बनाइएका साना साना क्षेत्रहरूलाई ब्लक भनिन्छ । केही नगरपालिकाहरुमा एक वा एक भन्दा बढी ब्लक मिलाइ एउटा गणना क्षेत्र बनाइएको छ ।

## गणना क्षेत्र नक्साको बारेमा जानकारी

ब्लकसहितको गणना क्षेत्रको नक्सा



## ब्लकरहितको गणना क्षेत्रको नक्सा




## गाउँपालिकाको लागि गणना क्षेत्रको नक्सा



**गणना क्षेत्र नक्सा प्रयोग गर्ने तरिका**

गणना जाँच सर्वेक्षणको स्थलगत कार्यमा नक्साको प्रयोग निम्नानुसार गर्नुपर्दछ ।

१. सर्वप्रथम आफूले स्थलगत कार्य गर्ने स्थान (वा गणना क्षेत्र) पहिचान गरी त्यस ठाउँमा पुग्नुपर्दछ ।

२. आफू रहेको ठाउँबाट पूर्व, पश्चिम, उत्तर तथा दक्षिण दिशाहरू कता पर्दछन् यकिन गर्नुपर्दछ ।

३. गणना क्षेत्र नक्सामा देखाइएका विभिन्न फिचरहरू संकेत हेरेर पत्ता लगाई आफ्नो स्थिति निर्धारण गर्नुपर्दछ ।

४. गणना क्षेत्र नक्सालाई माथि उल्लेख भएबमोजिम सही अभिमुख गर्नुपर्दछ ।

५. गणना क्षेत्र नक्सा कतिवटा ब्लक मिलेर बनेको छ यकिन गर्नुपर्दछ ।

६. गणना क्षेत्रको नक्सा एकभन्दा बढी ब्लकहरू मिलेर बनेको रहेछ भने प्रत्येक ब्लकको सीमाना दायाँतर्फ माथिपट्टी हेरेर आफूले स्थिति निर्धारण गरेको स्थानबाट नअल्मलिई गणना कार्य शुरू गर्नुपर्दछ र सबै ब्लकहरू एकपछि अर्को गरी गणना कार्य सम्पन्न गर्नुपर्दछ ।

७. घरपरिवार सूचीकरण गर्दा विभागले उपलब्ध गराएको गणना क्षेत्र नक्सा (विशेषगरी गाउँपालिका) मा केही फरक पाएमा स्थानीय जानकार व्यक्तिसँग सम्पर्क राखी गणना क्षेत्र यकिन गर्नुपर्दछ ।

८. गणना कार्य सम्पन्न भइसकेपछि प्रयोग गरिएका नक्साहरू अनिवार्य रूपमा फिर्ता गर्नुपर्नेछ ।

९. जनगणनाको समयमा प्रत्येक घरपरिवारमा जनगणना घर नम्बर र परिवार क्रमसंख्या राखिएको हुन्छ । भरसक क्रमसँग क्र.सं अनुसार गणना गर्नुपर्दछ ।

१०. गणना क्षेत्र पत्ता लगाउन सकिएन भने वा द्विविधा भएमा श्रम अध्ययन कार्यक्रमका कर्मचारी वा सम्पर्क व्यक्तिसँग सम्पर्क राख्नुपर्दछ ।

## २.७ अनुगमन तथा सुपरिवेक्षण

गणना जाँच सर्वेक्षणको स्थलगत स्थलगत कार्यको अनुगमन तथा सुपरिवेक्षणको लागि केन्द्रीय तथ्याङ्क विभाग, श्रम अध्ययन कार्यक्रमका प्राध्यापक/कर्मचारी, तथ्याङ्क कार्यालयका कर्मचारी र सुपरिवेक्षकहरु प्रत्यक्षरुपमा खटिने छन् ।

# परिच्छेद ३

# जनगणना/गणना जाँच सर्वेक्षण (PES) मा प्रयोग भएका पदावलीहरूको अवधारणा र परिभाषा

जनगणना/PES मा प्रयोग भएका पदावलीहरूको अवधारणा र परिभाषाको बारेमा गणकहरूलाई राम्रो ज्ञान हुनु आवश्यक हुन्छ । गणना जाँच सर्वेक्षणलाई गुणस्तरीय बनाउन गणकहरूले विशेष रुपमा यी परिभाषा र अवधारणाहरूको बारेमा स्पष्ट भई विवरण संकलन कार्य शुरु गर्नुपर्दछ । जनगणना/PES मा प्रयोग भएका पदावलीहरूको अवधारणा र परिभाषाहरू निम्नानुसार व्याख्या गरिएको छ ।

## ३.१ गणना क्षेत्र (Enumeration Area)

सामान्यतया गणना क्षेत्र भन्नाले एक जना गणकले गणना अवधिमा गणना गर्नुपर्ने भौगोलिक एकाइ वा क्षेत्र हो । गणकलाई उपलब्ध गराइने गणना क्षेत्र नक्सामा गणना गर्नुपर्ने स्थलको विस्तृत विवरणहरू जस्तै वरिपरीको सीमाना, बाटोघाटो, चोक, पोखरी, मन्दिर आदि जस्ता अवस्थितिको विवरणहरू देखाइएका हुन्छन् । गणना क्षेत्र नक्साको प्रयोगले गणना जाँच सर्वेक्षणमा कोही नछुट्ने र कोही नदोहोरिने गरी गणना गर्न सहयोग गर्दछ । गणना क्षेत्र छुट्याउँदा कुनै सिंगो वडालाई एउटा गणना क्षेत्र वा ठूला वडाहरूलाई विभाजन गरी दुई वा दुईभन्दा बढी गणना क्षेत्र बनाइएको हुन्छ । गणना क्षेत्र नक्साको नमुना अनुसूची ४ मा दिइएको छ ।

## ३.२ जनगणना/PES घर (Census/PES House)

जनगणना/PES घर भन्नाले कम्तीमा एउटा परिवार बसोवास गरेको घर भन्ने बुझ्नुपर्दछ । मानिस बस्ने घर वा संरचनामा साधारणतयाः चारैतिर गारो/टाटी लगाईएको र अलग प्रवेशद्धार हुन्छ । जनगणना/PES घर सामान्य किसिमको छाप्रो, टहरा, पाल देखि आधुनिक महल, फ्लाट, अपार्टमेन्ट आदि सम्म हुन सक्दछ । आवासीय प्रयोजनका बाहेक अन्य प्रयोजनमा रहेका जस्तै व्यापारिक, सरकारी, शैक्षिक, बैक/वित्तिय संस्था, उद्योग कलकारखाना, स्वास्थ्यजन्य घरमा कुनै परिवार बसोवास गरेको भए त्यस प्रकारको घरलाई समेत जनगणना/PES घर मान्नुपर्दछ ।

जनगणना/PES घर एक छुट्टै पहिचान भएको फ्ल्याट वा अपार्टमेण्ट पनि हुन सक्दछ जसमा साधारणतया आवतजावत गर्नका लागि छुट्टै मूलढोका र सिँढी हुन्छ । अपार्टमेण्टमा फरक फरक फ्ल्याट छुट्टा छुट्टै परिवारको स्वामित्वमा रहेको भए त्यसलाई अलग अलग जनगणना/PES घर मान्नुपर्दछ ।

## ३.३ परिवार (Household)

गणना जाँच सर्वेक्षणमा छानिएको गणना क्षेत्रभित्र अक्सर बसोवास गर्ने सबै परिवारका सदस्यहरूको विवरण लिनुपर्ने र सोको लागि कुन व्यक्ति कुन परिवारमा अक्सर बस्दछन् भन्ने छुट्याउन अत्यावश्यक हुन आउँछ ।

परिवार भन्नाले सामान्यतया व्यक्ति वा व्यक्तिहरूको समूह हो जो एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानपिन गरी एउटै छानामुनी बसेका हुन्छन् । जनगणना/PES को सन्दर्भमा परिवार भन्नाले निम्न कुराहरू बुझ्नुपर्दछ :

१. परिवारमा एक व्यक्ति मात्र वा धेरै व्यक्तिहरू, नाता पर्ने वा नाता नपर्ने हुन सक्दछन् ।

२. परिवार र परिवारका सदस्य छुट्टयाउन आम्दानी-खर्च र भान्साको अवधारणा प्रमुख रहेको छ । कानूनी तवरले भिन्न भइनसकेको भए तापनि भिन्दै वा छुट्टै बसी वा भिन्दै भान्सामा खानपीन गरी आएका व्यक्ति वा व्यक्तिहरूको समूहलाई जनगणना/PES को प्रयोजनका लागि बेग्लै वा छुट्टै परिवार मानिन्छ। एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एउटै भान्सामा खाने व्यक्तिहरू अलग घरमा सुत्ने गरेको भएपनि एउटै परिवार मानिन्छ । त्यसैगरी कुनै कारणवश बेग्लै भान्सामा (जस्तै होटल, कार्यालयको क्यान्टिन, आदि) खाइरहेको भएता पनि एकैस्थानमा बसोवास गर्दछन् भने एउटै परिवार मानिन्छ ।

३. जनगणना/PES समयमा परिवारका सदस्यहरू जहाँ अक्सर बसोवास गरेका छन्, त्यहींबाट विवरण लिनुपर्दछ। परिवारका कुनै व्यक्ति वा व्यक्तिहरू जनगणना/PES समयमा मूल परिवारमा छैनन् र जुनसुकै कारणले भए पनि सामान्यतया अन्यत्र बसोवास गरेका छन् र भिन्दै भान्सामा खानपीन गर्दछन् भने, "मूल" परिवारबाट लेखिँदैन । उनीहरूको हाल बसोवास गरिरहेकै अन्यत्रको स्थानमा छुट्टै परिवार मानी गणना हुन्छ ।

४. कसैको परिवारका मुख्य व्यक्ति वा छोराछोरी वा परिवारका अरू कुनै व्यक्ति जनगणना/PES को समयमा विभिन्न कारणले सामान्यतया अन्यत्र कतै स्वदेश वा विदेशमा बसेका हुनसक्छन् वा छोरा/छोरी अध्ययन वा तालिमको लागि अन्यत्र बसेका हुनसक्छन् । सामान्यतया बेग्लै बसेको अवस्थामा जहाँ बसेका छन् त्यहींबाट गणना गर्नुपर्छ ।

५. घरायसी कामको लागि वा औषधोपचार, व्यापार, तीर्थयात्रा वा अन्य काममा केही दिनको लागि अन्यत्र गएका साधारणतया यसै परिवारमा बस्ने सदस्य PES को समयमा अनुपस्थित भए पनि यसै परिवारबाट निजको विवरण भर्नुपर्दछ। यसरी अस्थायीरुपले बाहिर गएका व्यक्तिहरू गणनामा छुट्न सक्ने कुराको सँधै ख्याल गर्नुपर्छ ।

## ३.४ व्यक्ति (Individual)

जनगणना/PES मा तोकिएको क्षेत्रमा अक्सर बसोवास गर्ने सबै उमेरका स्वदेशी वा विदेशीहरूलाई व्यक्तिको रुपमा समावेश गरिन्छ ।

## ३.५ परिवारमूली (Household Head)

परिवारमूली भन्नाले परिवारमा नै अक्सर बसोवास गर्ने, परिवारमा परिआएका दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने अर्थात घरको कामकाजमा चाँजोपाँजो मिलाउने व्यक्तिलाई बुझाउँछ। सामान्यतया कम्तिमा १० वर्ष पुगेका (महिला वा पुरूष) व्यक्तिहरूलाई परिवारमूली मानिन्छ। तर १० वर्ष पनि उमेर नपुगेका बालबालिकालाई परिवारमूलीको रुपमा लिनु हुँदैन। त्यस अवस्थामा उनीहरूको संरक्षकलाई परिवारमूली मानि विवरण भर्नुपर्दछ।

## ३.६ अक्सर बसोवास (Usual Place of Residence)

नेपालको जनगणनामा व्यक्तिहरूको गणना अक्सर (प्रायः/धेरैजसो) बसोवास गर्ने ठाउँबाट गरिन्छ। त्यसैले PES मा पनि व्यक्तिहरूको गणना अक्सर (प्रायः/धेरैजसो) बसोवास गर्ने ठाउँमा नै गर्नुपर्दछ। **अर्थात जो व्यक्ति जुन परिवारमा अक्सर बसोवास गर्दछन् ती व्यक्तिहरूको सोही परिवारबाट गणना गर्नुपर्दछ। परिवारका सदस्यहरूको रुपमा गणना गर्न उक्त व्यक्ति अक्सर त्यही परिवारमा बसोवास गरेकै हुनुपर्दछ।** व्यक्तिहरू प्रायः/धेरैजसो बसोवास गरेको ठाउँ निजको स्थायीरुपमा बसिरहेको ठाउँ वा अस्थायी रुपमा बसेको ठाउँ पनि हुनसक्दछ। अस्थायीरुपमा बसेको ठाउँ भाडा/डेरा वा कार्यालयले दिएको क्वार्टर पनि हुनसक्छ। कुनै व्यक्ति दुई वा सोभन्दा बढी ठाउँमा बसोवास गर्ने गरेको छ भने सबैभन्दा वढी समय कहाँ बस्छन् त्यही ठाउँबाट गणना गर्नुपर्छ।

कुनै व्यक्ति अक्सर कहाँ बसेको हो भनेर कसैगरी छुट्याउन सकिएन भने गत १ वर्षको अवधिमा ६ महिना वा सोभन्दा बढी समय जहाँ बसोवास गरेको छ वा आगामी दिनमा बस्ने मनसाय राखेको छ सोही ठाउँबाट व्यक्तिको गणना गर्नुपर्दछ।

छोटो अवधिको लागि घुम्न गएका, धार्मिक यात्रा (तीर्थ) गएका, विरामी भई अस्पतालमा बसेका, छोटो अवधिका लागि कार्यालय तथा व्यापारको काममा स्वदेश तथा विदेश आउने जाने गरेका आदि व्यक्ति तथा परिवारलाई अक्सर बसोवासको हिसाबले बसोवास गरिरहेको स्थानबाट गणना गर्नुपर्दछ।

## ३.७ उत्तरदाता (Respondent)

परिवार र व्यक्तिको विवरण संकलन गर्दा परिवारको बारेमा धेरै भन्दा धेरै जानकारी राख्ने व्यक्ति (परिवारमूली वा परिवारका अन्य कुनै सदस्य) नै उत्तरदाता हुन्छ। उत्तरदाता कोही बहिरा व्यक्ति हुन सक्छन् जसले उत्तर दिँदा अर्को दोभाषेको प्रयोग गर्न चाहेमा त्यो अवसर दिनुपर्छ। यसैगरी कोही दृष्टिविहीन व्यक्ति उत्तरदाता भएमा गणकले झर्को नमानी आफ्नो र सर्वेक्षणको विस्तृत परिचय दिई निजले बुझ्ने गरी प्रश्न सोध्नुपर्छ।

## ३.८ विदेश अनुपस्थित (विदेशमा अक्सर बसोवास)

गणना गर्न लागिएका परिवारको छुट्टीभिन्न नभएको कुनै सदस्य मूलुक बाहिर गएका भए विदेश गएको बुझाउँछ । छोटो समयका लागि विदेशमा तीर्थयात्रा, औषधोपचार, पर्यटन/भ्रमण, उद्योग व्यापार आदिका सिलसिलामा गएका व्यक्तिलाई "विदेश गएको" मा उल्लेख गर्नुहुँदैन । परिवारमा विदेश अनुपस्थित अन्तर्गत निम्न दुई सर्त पूरा भएको हुनु पर्दछ ।

१) अनुपस्थित व्यक्ति विदेश जानु अगाडिसम्म परिवारको सदस्य भएको हुनुपर्दछ ।

२) विदेशबाट फर्कने सम्भावना भएको र फर्कदा सोही परिवारको सदस्य हुनसक्ने हुनुपर्दछ ।

## ३.९ अनुपस्थित व्यक्तिको रुपमा गणना गर्ने वा नगर्ने सम्बन्धमा केही स्पस्टता

क) भर्खर केही दिन अघि मात्र विदेश गएको भए पनि लामो समयको लागि पढाई वा रोजगारीको लागि गएको भए "अनुपस्थित" सदस्य मान्नु पर्दछ ।

ख) विदेशमा नागरिकता, डिभी, पिआर आदि लिई बसोवास गरेका व्यक्तिहरूलाई अनुपस्थितमा जनाउनु हुँदैन । यस्ता व्यक्तिको गणना जाँच सर्वेक्षणमा नेपालबाट गरिदैन ।

ग) विदेशमा अक्सर बसोवास गर्ने गरी गएका वा अनुपस्थित व्यक्तिको विदेशमा विवाह गरेका श्रीमान्/श्रीमति वा विदेशमै जन्म भएका छोराछोरीहरू एक पटक पनि नेपाल आएका छैनन् भने त्यस्ता व्यक्तिहरूको विवरण यहाँको परिवारमा विदेश गएका व्यक्तिमा गणना गर्नुहुँदैन ।

## ३.१० स्वदेश अनुपस्थित (स्वदेशमा अक्सर बसोवास)

गणना गर्न लागिएका परिवारको छुट्टीभिन्न नभएको कुनै सदस्य स्वदेशभित्रै अन्य स्थानमा अक्सर बस्ने गरेको भए स्वदेश अनुपस्थित बुझीन्छ । जस्तैः पढाई वा जागिर, रोजगारीको सिलशिलामा अन्यत्र अक्सर बसोबास गर्ने सदस्य ।

## ३.११ जोडा मिलाउने (Matching)

PES मा भरिएका फारम र जनगणनाको सोही गणना क्षेत्रका फारमहरूलाई तुलना गरी परिवार, व्यक्ति र व्यक्तिका विशेषताहरू- जस्तैः उमेर, लिङ्ग, नाता, वैवाहिक स्थिति, शैक्षिक अवस्था, जन्मस्थान आदिको आधारमा जोडा मिल्ने र नमिल्ने छुट्ट्याउने काम नै जोडा मिलाउने काम हो । जोडा मिलाउने काम गणना जाँच सर्वेक्षण (PES) कार्य सम्पन्न भएपछि गरिन्छ ।

## ३.१२ यथास्थितिमा बसेको (Non-mover), बाहिर गएको (Out mover), बाहिरबाट आएको (In-mover)

गणना जाँच सर्वेक्षणका वेला प्रत्येक व्यक्तिलाई जनगणनाको समय देखि हाल सम्म सोही परिवारमा बसेको व्यक्ति अर्थात गणना जाँच सर्वेक्षण र जनगणना दुवैमा गणना भएका परिवारका सदस्यलाई यथास्थितिमा बसेका (नन-मुभर), जनगणनाको समयमा भएको तर PES को समयमा बाहिर गएको

वा मृत्यु भएको भएको व्यक्तिलाई बाहिर गएका (आउट-मुभर) र जनगणनाको समयमा नभएको तर PES को समयमा बाहिरबाट आएको वा जन्मेको व्यक्तिलाई बाहिरबाट आएको (इन-मुभर) भनी बुझ्नु पर्दछ ।

## ३.१३ रुजु (RECONCILIATION)

गणना जाँच सर्वेक्षणबाट प्राप्त तथ्याङ्क र जनगणनाबाट प्राप्त तथ्याङ्कका बीच मेल नखाने जस्तैः परिवारका सदस्य संख्या छुटेको, दोहोरिएको, सदस्यहरूको विवरणमा बेमेल देखिएको आदि अवस्था हुन सक्दछन् । कतिपय अवस्थामा परिवार नै PES मा गणना नभएको तर जनगणनामा भएको वा PES मा भएको तर जनगणनामा नभएको स्थिति पनि हुन सक्दछ । त्यस्तो बेमेलको वास्तविक कारण पत्ता लगाई पुनः जोडा मिलान गर्न सकिने वा नसकिने निश्चित गर्नु नै रुजु गर्नु हो । रुजु गर्ने कार्यमा गणना जाँच प्रश्नावली संकलन गरिसकेपछि जनगणनामा संकलित विवरणसँग भिडाई किन बेमेल भयो भनी पुनः स्थलगत कार्यबाट पत्ता लगाउने कार्य गरिन्छ ।

# परिच्छेद ४
# गणना जाँच घर तथा परिवार सूचीकरण फाराम भर्ने तरिका

## भौगोलिक क्षेत्र पहिचान

### 1. प्रदेश

गणकले गणना गर्न लागेको परिवार कुन प्रदेशमा पर्दछ, सोही प्रदेशको पूरा नाम दिइएको ठाउँमा स्पष्ट लेख्नुपर्दछ र उक्त प्रदेशको कोड संकेत कोठाभित्र लेख्नुपर्दछ । प्रदेशको कोड यस निर्देशिकाको अनुसूची २ मा दिइएको छ ।

### 2. जिल्ला

गणकले गणना गर्न लागेको परिवार कुन जिल्लामा पर्दछ, सोही जिल्लाको पूरा नाम दिइएको ठाउँमा स्पष्ट लेख्नुपर्दछ र नामको तल दिइएको कोठामा जिल्लाको कोड लेख्नुपर्दछ । जिल्लाको कोड यस निर्देशिकाको अनुसूची ३ मा दिईएको छ ।

### 3. गाउँपालिका/नगरपालिका

गणना गर्न लागेको परिवार कुन स्थानीय तहमा पर्दछ, सो गाउँपालिका वा नगरपालिकाको नाम लेख्नुपर्दछ । नामको तल कोठामा गाउँपालिका वा नगरपालिकाको कोड उल्लेख गर्नुपर्दछ । यहाँ गाउँपालिका हो भने गाउँपालिकालाई र नगरपालिका हो भने नगरपालिकालाई ठीक (√) चिन्ह लगाउनुपर्दछ । राष्ट्रिय जनगणना २०७८ मा प्रयोग गरिएको गाउँपालिका/नगरपालिकाको कोड तालिमको समयमा उपलब्ध गराइनेछ ।

### 4. वडा नं.

गणना गर्न लागेको परिवार गाउँपालिका वा नगरपालिकाको कुन वडामा पर्दछ, सो वडा नं. स्पष्ट लेख्नुपर्दछ ।

### 5. गणना क्षेत्र (EA) नं.

गणना गर्न लागेको परिवार रहेको स्थान सम्बन्धित वडाको कुन गणना क्षेत्रमा पर्दछ सो गणना क्षेत्र नं. लेख्नुपर्दछ । उक्त गणना क्षेत्र नं. तालिमको समयमा उपलब्ध गराइनेछ । उक्त गणना क्षेत्रको नक्सा तालिमको समयमा उपलब्ध गराईनेछ ।

### 6. गाउँ/बस्ती/टोल

गणना गर्न लागेको परिवार बसेको घर रहेको ठाउँ कुन गाउँ, बस्ती वा टोलको स्थानीय नामले परिचित छ सोही गाउँ/बस्ती/टोलको नाम लेख्नुपर्दछ। जस्तै हाकिम चोक, नेपाले डाँडा, लखनपुर, डाँडीपोखरी, डाँडाघर, बस्तीपुर, वसन्तपुर आदि।

## गणना क्षेत्र पहिचान

### 7. PSU नम्बर

गणना जाँच सर्वेक्षणको लागि देश भरमा ८० वटा गणना क्षेत्र छानिएका छन्। उक्त छानिएका गणना क्षेत्र मध्ये गणकलाई तथ्याङ्क संकलन गर्नको लागि तोकिएको गणना क्षेत्रको नं. यहाँ उल्लेख गर्नुपर्दछ। आफ्नो गणना क्षेत्रको PSU नं. गणकलाई उपलब्ध गराइनेछ।

## घर तथा परिवार सूचीकरण

### महल 1: PES घर क्रमसंख्या

PES मा सबै किसिमका प्रयोगका लागि उपयोगमा रहेका नरहेका सम्पूर्ण घरहरूको विवरण संकलन गर्नु पर्दछ। आफूले गणना गर्नुपर्ने गणना क्षेत्रमा परिवार बसोवास गरेका, नगरेका सबै घरमा पुगी क्रमशः 1,2,3,4……… गरी कुनै घर नछुटाई घर क्रमसंख्या लेख्नुपर्दछ। यहाँ ख्याल गर्नुपर्ने कुरा के छ भने गणना क्षेत्र भित्रका परिवार बसोवास गरेका वा नगरेका सबै घरमा गई सबै घरको सूचीकरण फाराममा आवश्यक विवरण भर्नु पर्दछ।

यस PES मा घरको सूचीकरण गर्दा निम्न कुरामा ध्यान दिनुपर्दछ।

क) मानिसहरुको बसोबास भएको सबै प्रकारका स्थायी वा अस्थायी घर संरचनाहरुको सूचीकरण गर्नु पर्दछ।

ख) मानिसहरु बसोबास नगरेको हकमा सामान्यतया चारैतिर गारो भएको, छानाको व्यवस्था गरिएको स्थायी प्रकृतिको घर संरचनाको मात्र सूचीकरण गर्नुपर्दछ। खाली घरको सूचीकरण गर्नुपर्दैन।

ग) व्यापार गर्ने प्रयोगका लागि बनाईएको अस्थायी प्रकृतीका झुप्रा, झुप्री तथा टहराहरू यस गणनामा संकलन गर्नु पर्दैन। उदाहरणः भृकुटी मण्डपका टहराहरू, हाट बजारका टहराहरू, बाटामा बनाईएका दिनभरी व्यापार गर्ने र राती अरू घरमै सुत्न जाने प्रकारका टहराहरु आदि संकलन गर्नुपर्दैन।

**एउटै घरमा दुई वा दुईभन्दा बढी परिवारहरू वसोवास गरिरहेको भएमा सबै परिवारको लागि एउटै PES घर क्रमसंख्या हुने भएकोले पहिलो परिवारको लागि PES घर क्रमसंख्या लेखे पछि अन्य परिवारको लागि घर क्रमसंख्या लेख्नुपर्दैन। तिनीहरुको परिवार क्रमसंख्या मात्र लेख्नुपर्दछ। एउटा**

**घरमा बस्ने सबै परिवारको विवरण लिई सके पछि अर्को घरको लागि घर क्रमसंख्या क्रमशः लेख्नुपर्दछ ।**

**महल 2: हाल बस्ने परिवार संख्या**

गणना गरिएको घरमा एउटै भान्सामा खाने कतिवटा परिवारको बसोवास रहेको छ सो संख्या यकिन गरी यस महलमा उल्लेख गर्नुपर्दछ। जस्तैः कुनै घरमा ३ वटा भान्सामा खाने अलग अलग परिवारहरुको बसोवास रहेछ भने 3 लेख्नुपर्दछ भने कुनै पनि परिवार नबसेको घरमा परिवार संख्या 0 लेख्नुपर्दछ ।

कुनै घरमा एकभन्दा बढी परिवार बसोवास गरेको भए पहिलो परिवारको लागि हाल यस घरमा बस्ने परिवार संख्या लेखे पछि अन्य परिवारको लागि यो संख्या लेख्नु पर्दैन ।

**महल 3 : PES परिवार क्रमसंख्या**

यस महलमा गणना क्षेत्र भित्रका सबै परिवारहरूको क.सं. 1 बाट शुरु गरी क्रमशः लेख्दै जानुपर्दछ । गणना गर्न लागेको परिवार कुन क्रममा पर्दछ, सोही क्रमसंख्या यस महलमा लेख्नुपर्दछ। एक घरमा एकभन्दा बढी परिवार बसोवास गरेका हुन सक्दछन् । एउटा घरमा बसोवास गरेका एकभन्दा बढी परिवार भए परिवार क्रमसंख्या क्रमशः थप हुँदै जान्छ । अर्थात् परिवार क्रमसंख्या नदोहोर्‍याई लेख्दै जानुपर्दछ ।

सुचीकरण फारामको कुनै लहरमा PES घर क्रमसंख्या र PES परिवार क्रमसंख्या फरक फरक अंक आएको हुनसक्छ तर घर क्रमसंख्या भन्दा परिवार क्रमसंख्या जहिले पनि बरावर वा बढी आएको हुनुपर्दछ ।

यसरी PES घर तथा परिवार क्रमसंख्या सूचीकरणमा लेखिसकेपछि गणकले उक्त PES **घर तथा परिवार क्रमसंख्या घरको मुल ढोका वा गेटमा वा भित्तामा लेख्नुपर्दछ । जस्तैः यदि PES घर नं. 5 र PES परिवार क्रमसंख्या 7** (एक परिवारमात्र बसोवास गरेको) **रहेछ भने P-5/7 लेख्नुपर्दछ । यसै गरी कुनै 12 नं. को घरमा ३ वटा 15, 16, 17 नं. को परिवार बसोवास गरेका रहेछन् भने P-12/15-17 लेख्नुपर्दछ ।**

| सम्बन्धित घर र परिवारको लागि PES घर क्रमसंख्या र PES परिवार क्रमसंख्या गणकले आफै लेख्नुपर्छ । |
|---|

**महल 4: परिवारमूलीको नाम र थर**

PES मा गणना गर्न लागिएको परिवारको परिवारमूलीको पूरा नाम र थर यहाँ उल्लेख गर्नुपर्दछ । जनगणना प्रयोजनको लागि **परिवारमूली भन्नाले परिवारमा नै अक्सर बसोवास गर्ने, परिवारमा परिआएका दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने अर्थात घरको कामकाजमा चाँजोपाँजो मिलाउने, निर्णय लिने व्यक्तिलाई बुझाउँछ ।**

**महल 6: यो परिवारको बसोबास जनगणनाको समयमा पनि यही घरमा थियो ?**

थियो................1

थिएन.......... 2

→ *महल १०*

यो परिवारको बसोबास जनगणनाको समयमा पनि यहि घरमा थियो भने कोड 1 र थिएन भने कोड 2 लेख्ने । थिएन भन्ने जवाफ आएमा महल १० मा गई जनगणनाको समयमा कति परिवार बसेका थिए सोध्ने ।

**महल 6: जनगणना र हालको परिवारमूली उही व्यक्ति हो ?**

हो...........................................1

होइन... ................................. 2

थाहा छैन ............................. 3

गणना नभएको.............. ....... 4

→ *महल १०*

यस महलमा जनगणनाको समय र PES को समयमा परिवारमूली एउटै वा परिवर्तन भए नभएको बारेमा अवस्था पत्ता लगाउन खोजिएको छ। यदि जनगणना र PES को गणनामा परिवारमूली एउटै भएमा 1, जनगणना र PES को गणनामा परिवारमूलीको नाम फरक परेमा कोड 2 लेख्नुपर्दछ। तर जनगणना र हालको परिवारमूली उही व्यक्ति हो वा होइन भन्ने थाहा नभएमा कोड 3 लेख्नुपर्दछ। यसैगरी यदि उक्त परिवारको जनगणनामा गणना नै नभएको भए कोड 4 लेख्नुपर्दछ।

**महल 7: जनगणनाको समयको परिवारबाट नयाँ परिवार बनेको छ ?**

छ..............1

छैन......... 2

→2 *महल १०*

जनगणनाको समयको गणना भएको परिबार कुनै कारणले छुट्टाभिन्न भई गणना जाँच सर्वेक्षणको समयमा थप नयाँ परिवार बनेको रहेछ भने कोड 1 र नयाँ थप परिवार बनेको छैन भने कोड 2 लेख्नुपर्दछ ।

**महल 8: नयाँ बनेको परिवार हाल कहाँ बसोबास गर्दछ ?**

यही गणना क्षेत्रमा ......... 1

अर्को गणना क्षेत्रमा........ 2

(कम्तिमा एक परिवार यही गणना क्षेत्रमा बसेको भए कोड 1 लेख्ने)

महल ७ मा कोड 1 आएको परिवारमा मात्र यो प्रश्न सोध्नुपर्दछ । यस महलमा जनगणनाको समयमा गणना भएको परिबार कुनै कारणले छुट्टीभिन्न भई गणना जाँच सर्वेक्षणको समयमा नयाँ परिवार बनेको भए हाल उक्त परिवार कहाँ बसोबास गर्दछ भनी सोधखोज गरिएको छ । यदि उक्त नयाँ बनेको परिवार यही गणना क्षेत्रभित्र बसोबास गरेको भए कोड 1 र यस बाहेक अन्यत्र अर्को गणना क्षेत्रमा बसोबास गर्ने भए कोड 2 लेख्नुपर्दछ । एकभन्दा बढी नयाँ परिवारहरु थप बनेको

अवस्थामा उक्त थप मध्ये कम्तिमा एक परिवार यही गणना क्षेत्रमा बसोबास गरेको भए कोड 1 नै लेख्नुपर्दछ ।

**महल 9 :** नयाँ बनेको परिवारको सम्पर्क नं. लेख्ने

जनगणनाको समयको परिवारबाट छुट्टीएको नयाँ परिवारको कुनै सदस्यको सम्पर्क नं. यहाँ लेख्नुपर्दछ ।

## जनगणनाको विवरण

**(गणना क्षेत्रका प्रत्येक घरको लागि अनिवार्यरुपमा भर्नुपर्ने)**

**महल 10:** जम्मा परिवार संख्या

गणना क्षेत्रका प्रत्येक घरमा राष्ट्रिय जनगणना २०७८ मा कति परिवार बसोबास गर्थे भन्ने सोधी सो परिवार संख्या यहाँ लेख्नुपर्छ । जनगणनाको समयमा कुनै पनि परिवार बसोबास नगरेको भएमा शुन्य (०) लेख्नुपर्छ । सो संख्या सम्बन्धित घरमा लेखिएको जनगणना घर क्र.सं. र परिवार क्र.सं. हेरेर वा हाल त्यहाँ बस्ने परिवारसँग सोधेर पनि थाहा पाउन सकिन्छ ।

**महल 11: जनगणना घर क्रमसंख्या (घरको भित्तामा हेरी लेख्ने)**

हालसालै सम्पन्न राष्ट्रिय जनगणनामा घर तथा घरपरिवार सूचीकरण गर्ने क्रममा परिवार बस्ने घरको जनगणना घर क्रमसंख्या घरको बाहिरी भित्ता वा गेटमा लेखेको हुन्छ, सोही जनगणना घर क्रमसंख्या यहाँ लेख्नुपर्दछ । जस्तैः कुनै घरमा ज. ५६/६२-६५ लेखेको छ भने उक्त घरको जनगणना घर क्रमसंख्या ५६ लेख्नुपर्छ ।

**महल 12 : जनगणना परिवार क्रमसंख्या - देखि** (From) **र - सम्म** (To)

हालसालै सम्पन्न राष्ट्रिय जनगणनामा घर तथा घरपरिवार सूचीकरण गर्ने क्रममा परिवार बस्ने घरको बाहिरी भित्ता वा गेटमा जनगणना घर क्रमसंख्या र जनगणना परिवार क्रमसंख्या लेखेको हुन्छ, सोही जनगणना परिवार क्रमसंख्या यहाँ लेख्नुपर्दछ । कुनै घरमा एक परिवार मात्र बसेको अवस्थामा एउटा मात्र परिवार क्र.सं. लेखेको हुन्छ (जस्तैः ज. २७/३८), यस अवस्थामा यस महलको "देखि" मा उक्त परिवार क्रमसंख्या (३८) लेख्ने र "सम्म" मा ड्यास (-) लेख्नुपर्दछ । तर जनगणनाको समयमा कुनै घरमा एक भन्दा बढी परिवार बसेको रहेछ भने यस महलको "देखि" मा जनगणना परिवार क्र.सं. को शुरुको नं. र "सम्म" मा त्यस घरमा बस्ने अन्तिम जनगणना परिवार क्र.सं. लेख्नुपर्दछ । जस्तैः कुनै घरमा ज. ५६/६२-६५ लेखेको छ भने **देखि** (From) मा 62 र **सम्म** (To) मा 65 लेख्नुपर्दछ ।

> जनगणना घर तथा जनगगणना परिवार क्रमसंख्या उपलब्ध भएसम्म अनिवार्यरुपमा लेख्नुपर्छ, यो संख्या कुनै कारणवश मेटिएको वा नलेखिएको अवस्थामा मात्र देखि र सम्म दुबै महल मा ड्यास (-) तान्नुपर्दछ ।

# गणना जाँच घर तथा परिवार सूचिकरण फाराम भरेको नमुना

गणना जाँच घर तथा परिवार सूचिकरण फाराम भरेको नमुना

| गणना जाँच सर्वेक्षण (PES) | | | परिवारमूलीको नाम र थर | तपाइंको परिवारको वसोवास जनगणनाको समयमा पनि यही घरमा थियो?<br>थियो...............1<br>थिएन.............. 2<br>➔ महल 10) | जनगणना र हालको परिवारमूली उही व्यक्ति हो?<br>हो ..1<br>होइन ... 2<br>थाहा छैन ...3<br>गणना नभएको....4<br>➔अर्को घर/परिवार | जनगणनाको समयको परिवारबाट छुट्टिएर नयाँ परिवार बनेको छ ?<br>छ...........1<br>छैन.........2<br>➔ महल 10) | नयाँ बनेको परिवार हाल कहाँ बसोवास गर्दछ ?<br>यही गणना क्षेत्रमा ...1<br>अर्को गणना क्षेत्रमा....2<br>(कम्तिमा एक परिवार यही गणना क्षेत्रमा बसेको भए कोड 1 लेख्ने) | यस घर वा परिवारबाट नयाँ बनेको परिवारको सम्पर्क नम्बर लेख्ने | जनगणनाको विवरण (प्रत्येक घरको लागि अनिवार्यरुपमा भर्ने) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घर क्रम संख्या | यो घरमा हाल वस्ने जम्मा परिवार संख्या (शुन्य "०" भएमा ➔महल 10) | परिवार क्रम संख्या | | | | | | | यो घरमा वस्ने जम्मा परिवार संख्या (शुन्य "०" भएमा ➔ अर्को घर) | घर क्रम संख्या | परिवार क्र. सं. - देखि | परिवार क्र.सं. - सम्म |
| | | | | | | | | | | (घर क्र.सं. र परिवार क्र.सं. घरको भित्तामा हेरी लेख्ने) | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| 1 | 1 | 1 | शर्मिला थापा | 1 | 1 | 2 | | | 1 | 5 | 6 | – |
| 2 | 2 | 2 | राम बहादुर थापा | 1 | 2 | 2 | | | 1 | 7 | 9 | 10 |
| | | 3 | हरिकृष्ण श्रेष्ठ | 1 | 4 | | | | | | | |
| 3 | 0 | | | | | | | | 0 | | | |
| 4 | 1 | 4 | श्रीकृष्ण तिवारी | 2 | | | | | 0 | | | |
| 5 | 4 | 5 | खिमानन्द सारु | 1 | 1 | 2 | | | 4 | 10 | 15 | 18 |
| | | 6 | सत्य मोहन सापकोटा | 1 | 1 | 2 | | | | | | |
| | | 7 | हिरालाल वि.क. | 1 | 1 | 2 | | | | | | |
| | | 8 | सपना थारु | 2 | | | | | | | | |
| 6 | 1 | 9 | भगवती शर्मा | 2 | 2 | 1 | 1 | 9845xxxx62 | 1 | – | – | – |
| 7 | 0 | | | | | | | | 2 | 12 | 20 | 21 |
| 8 | 1 | 10 | कान्छा शिवाकोटी | 1 | 1 | 1 | 2 | 9846xxxx11 | 1 | 13 | 22 | – |
| 9 | 1 | 11 | मनमाया चौधरी | 1 | 2 | 2 | | | 1 | 18 | 25 | – |
| 10 | 2 | 12 | सावित्री गुरुङ्ग | 1 | 1 | 1 | 1 | 9841xxxx52 | 2 | 21 | 29 | 30 |
| 11 | | 13 | सतिश थारु | 2 | | | | | | | | |

# परिच्छेद ५

# गणना जाँच मुख्य प्रश्नावली भर्ने तरिका

## खण्ड १: परिचयात्मक विवरण

### 1.1 PSU नम्बर

गणना जाँच सर्वेक्षणको लागि देश भरमा ८० वटा गणना क्षेत्र छानिएका छन् । उक्त छानिएका गणना क्षेत्र मध्ये गणकलाई तथ्याङ्क संकलन गर्नको लागि तोकिएको गणना क्षेत्रको नं. यहाँ उल्लेख गर्नुपर्दछ । सबै गणकलाई काम गर्नु पर्ने गणना क्षेत्रको PSU नं. उपलब्ध गराइनेछ ।

> PES र जनगणनाको घर क्रमसंख्या र परिवार क्रमसंख्या गणना जाँच घर तथा परिवार सूचीकरण फारामबाट उतार गरी लेख्नुपर्छ ।

### 1.2 PES घर क्रमसंख्या

यहाँ परिवार बसोवास गरेको घरको PES घर क्रमसंख्या गणना जाँच घर तथा परिवार सूचीकरण फारामबाट उतार गर्नुपर्दछ । उदाहरणको लागि, दुई परिवार बसोवास गरेको घरमा पहिलो परिवारको घर क्रमसंख्या मानौं १ छ भने दोस्रो परिवारको लागि पनि घर क्रमसंख्या १ नै हुन्छ । यसै गरी तीन परिवार बसेको घरको पहिलो परिवार देखि तेश्रो परिवारसम्म घर क्रमसंख्या एउटै हुन्छ । यी परिवारहरूको परिवार क्रम संख्यामात्र फरक हुन्छ ।

### 1.3 PES परिवार क्रमसंख्या

गणना क्षेत्र भित्र सर्वेक्षण गरिने परिवारहरूको परिवार क्र.सं. गणना जाँच घर तथा परिवार सूचीकरण फाराममा क्रमशः लेखिएको हुन्छ, सोही क्रमसंख्या यस महलमा उतार गर्नुपर्दछ । एउटा घरमा एकभन्दा बढी परिवार बसोवास गरेका भए PES घर क्रमसंख्या उही हुन्छ, तर PES परिवार क्रमसंख्या भने क्रमशः थप हुँदै गएको हुन्छ ।

### 1.4 जनगणना घर क्रमसंख्या

हालसालै सम्पन्न राष्ट्रिय जनगणनामा घर तथा परिवार सूचीकरण गर्ने क्रममा परिवार बस्ने घरको बाहिरी भित्ता वा गेटमा लेखिएको जनगणना घर क्रमसंख्या यहाँ लेख्नुपर्दछ, यो सुचीकरण फाराममा पनि लेखिएको हुन्छ । जस्तैः कुनै घरमा ज. ५६/६२-६५ लेखेको छ भने उक्त घरको जनगणना घर क्रमसंख्या ५६ लेख्नुपर्छ । तर कुनै कारणवश यो क्रम संख्या मेटिएको वा नलेखेको भएमा त्यसै खाली छोड्नुपर्दछ ।

### 1.5 जनगणना परिवार क्रमसंख्या

हालसालै सम्पन्न राष्ट्रिय जनगणनामा घर तथा परिवार सूचीकरण  गर्ने क्रममा परिवार बस्ने घरको बाहिरी भित्ता वा गेटमा लेखिएको जनगणना परिवार क्रमसंख्या यहाँ लेख्नुपर्दछ, यो सुचीकरण फाराममा पनि लेखिएको हुन्छ । कुनै घरमा एक परिवार मात्र बसेको अवस्थामा एउटा मात्र परिवार क्र.सं. लेखेको हुन्छ (जस्तैः ज. २७/३८), यस अवस्थामा उक्त परिवार क्रमसंख्या (३८) लेख्नुपर्दछ । त्यसैगरी तिन परिवार बस्ने घरमा जस्तै ज. ५६/६२-६५ लेखेको छ भने **जनगणना परिवार क्रमसंख्या** 62 देखि 65 सम्म जुन पनि हुन सक्छ । तर कुनै कारणवश यो क्रम संख्या मेटिएको वा नलेखेको भएमा त्यसै खाली छोड्नुपर्दछ ।

## भौगोलिक क्षेत्र पहिचान

### 1.6 प्रदेश

गणकले गणना गर्न लागेको परिवार कुन प्रदेशमा पर्दछ, सोही प्रदेशको पूरा नाम दिइएको ठाउँमा स्पष्ट लेख्नुपर्दछ र उक्त प्रदेशको कोड संकेत कोठाभित्र लेख्नुपर्दछ । प्रदेशको कोड यस निर्देशिकाको अनुसूची २ मा दिइएको छ ।

### 1.7 जिल्ला

गणकले गणना गर्न लागेको परिवार कुन जिल्लामा पर्दछ, सोही जिल्लाको पूरा नाम दिइएको ठाउँमा स्पष्ट लेख्नुपर्दछ र नामको तल दिइएको कोठामा जिल्लाको कोड लेख्नुपर्दछ । जिल्लाको कोड यस निर्देशिकाको अनुसूची ३ मा दिईएको छ ।

### 1.8 गाउँपालिका/नगरपालिका

गणना गर्न लागेको परिवार कुन स्थानीय तहमा पर्दछ, सो गाउँपालिका वा नगरपालिकाको नाम लेख्नुपर्दछ । नामको तल कोठामा गाउँपालिका वा नगरपालिकाको कोड उल्लेख गर्नुपर्दछ । यहाँ गाउँपालिका हो भने गाउँपालिकालाई र नगरपालिका हो भने नगरपालिकालाई ठीक (√) चिन्ह लगाउनुपर्दछ । राष्ट्रिय जनगणना २०७८ मा प्रयोग गरिएको गाउँपालिका/नगरपालिकाको कोड तालिमको समयमा उपलब्ध गराइनेछ ।

### 1.9 वडा नं.

गणना गर्न लागेको परिवार गाउँपालिका वा नगरपालिकाको कुन वडामा पर्दछ, सो वडा नं. स्पष्ट लेख्नुपर्दछ ।

### 1.10 गणना क्षेत्र (EA) नं.

गणना गर्न लागेको परिवार रहेको स्थान सम्बन्धित वडाको कुन गणना क्षेत्रमा पर्दछ सो गणना क्षेत्र नं. लेख्नुपर्दछ । उक्त गणना क्षेत्र नं. तालिमको समयमा उपलब्ध गराइनेछ । उक्त गणना क्षेत्रको नक्सा तालिमको समयमा उपलब्ध गराईनेछ ।

### 1.11 गाउँ/बस्ती/टोल

गणना गर्न लागेको परिवार बसेको घर रहेको ठाउँ कुन गाउँ, बस्ती वा टोलको स्थानीय नामले परिचित छ सोही गाउँ/बस्ती/टोलको नाम लेख्नुपर्दछ । जस्तै हाकिम चोक, नेपाले डाँडा, लखनपुर, डाँडीपोखरी, डाँडाघर, बस्तीपुर, वसन्तपुर आदि ।

## खण्ड २ः पारिवारिक विवरण

### 2.1 परिवारमूलीको नाम थर

गणना गर्न लागिएको परिवारको परिवारमूलीको पूरा नाम र थर यहाँ उल्लेख गर्नुपर्दछ । यहाँ लेखिएको नाम र सूचिकरण फाराममा लेखिएको परिवारमूलीको नाम एउटै हुनुपर्दछ । स्मरण रहोस् यहाँ लेखिने परिवारमूलीको नाम र थर र व्यक्तिगत खण्डको महल ३.१.२ को क्रमसंख्या १ मा उल्लेख गरिने व्यक्तिको नाम र थर एउटै हुनुपर्दछ ।

### 2.2 ज्येष्ठ व्यक्तिको नाम थर

गणना गर्न लागिएको परिवारमा अक्सर बसोवास गर्ने परिवारका सबै सदस्यहरू मध्ये सबैभन्दा बढी उमेरका ज्येष्ठ व्यक्तिको नाम र थर यहाँ लेख्नुपर्दछ । परिवारमूली र ज्येष्ठ व्यक्ति एउटै वा अलग अलग पनि हुन सक्दछन् । यी दुबै एकै व्यक्ति भएमा 2.1 र 2.2 मा उही नाम उल्लेख गर्नुपर्दछ ।

### 2.3 परिवारमूलीको सम्पर्क नम्बर

गणना गर्न लागेको परिवारसँग कुनै पनि प्रकारको टेलिफोन/मोबाइल फोन छ भने टेलिफोन/मोबाइल नं उल्लेख गर्ने स्थानमा सो टेलिफोन/मोबाइल नम्बर अनिवार्य लेख्नुपर्दछ । तथ्याङ्क रुजु (Editing) को क्रममा सम्बन्धित परिवारको कुनै विवरण स्पष्ट नपाइएमा वा कुनै विवरण अपूरो भरिएको पाइएमा सम्बन्धित परिवारमा सम्पर्क राखी सही विवरण लेख्न सम्पर्क टेलिफोन नम्बर महत्वपूर्ण हुन्छ । टेलिफोन/मोबाइल नम्बर नितान्त गणना प्रयोजनको लागि मात्र प्रयोग गरिनेछ

### 2.4 हाल परिवारमा अक्सर बसोवास गर्ने सदस्य संख्याः

परिवारमा अक्सर बसोवास गर्ने परिवारका सदस्यहरूको जम्मा संख्या, पुरुष र महिला अलग अलग यहाँ लेख्नुपर्दछ । परिवारका सदस्यहरूको गणना गर्दा अक्सर बसोवासको अवधारणा तथा परिभाषा बमोजिम गर्नुपर्दछ । गणना गर्न लागेको परिवारमा अक्सर/प्रायजसो/धेरैजसो (Usually) बसोवास गर्ने जम्मा कति सदस्य छन् सोधी (बाल-बालिका, भर्खरै जन्मेका बच्चा, बृद्ध, अपाङ्गता भएका व्यक्ति पुरुष र महिला कोही नछुटाई) जम्मा, पुरुष र महिलाको संख्या लेख्नुपर्दछ । उत्तरदाताले दिएको यो संख्या व्यक्तिगत खण्डमा उल्लेख भएको जम्मा सदस्य, पुरुष र महिला संख्यासँग मिल्नुपर्दछ । संख्या नमिले उत्तरदातालाई पुनः सोधी दुवै संख्या यकिन गरी लेख्नुपर्दछ ।

**2.5 हाल परिवारमा अनुपस्थित (अक्सर विदेशमा बसोवास गर्ने मात्र) सदस्य संख्या (कोही नभएमा "००" लेख्ने):**

गणना गर्न लागेको परिवारमा अक्सर बसोवास गर्ने व्यक्ति बाहेक परिवारबाट छुट्टीभिन्न नभएका र फर्किआउँदा सो परिवारको सदस्य हुनसक्ने कुनै सदस्य विदेशमा रहेका भए त्यस्ता व्यक्तिको जम्मा संख्या र त्यसमा पुरुष महिलाको संख्या छुटट्याई सम्बन्धित महलमा लेख्नुपर्दछ । यस्ता अनुपस्थित सदस्यहरू विदेश जाँदाको समयमा त्यस परिवारमा अक्सर बसोवास गरेका र परिवार सदस्यका रुपमा बसेका हुन्छन् । अक्सर विदेशमा बसोवास गर्ने सदस्य कोही नभए सम्बन्धित बक्समा "००" लेख्नु पर्छ ।

**2.6 हाल परिवारमा अनुपस्थित (स्वदेशमा अन्य स्थानमा बसोबास गर्ने) सदस्य संख्या (कोही नभएमा "००" लेख्ने):**

परिवारबाट छुट्टी भिन्न नभएका र परिवारमा पुनः फर्किआउने सम्भावना भएका कुनै सदस्य स्वदेशभित्रै अन्यत्र बसोबास गरेका भए त्यस्ता व्यक्तिको जम्मा संख्या र पुरुष महिलाको संख्या छुटट्याई सम्बन्धित कोठामा लेख्नुपर्दछ । उदाहरणः सर्लाही जिल्लामा गणना गरिएको अवस्थामा कसैको परिवारको कुनै सदस्य काम गर्नको लागि अक्सर काठमाडौं बसोबास गरेको छ र उक्त व्यक्ति फर्केर सर्लाहीको परिवारको सदस्य हुन सक्ने सम्भावना छ भने निज व्यक्तिलाई सर्लाहीमा गणना गर्दा अनुपस्थित स्वदेशमा उल्लेख गर्नुपर्दछ । ती व्यक्तिको विस्तृत विवरण काठमाडौंबाट लिइन्छ, त्यसैले सर्लाहीबाट स्वदेशमा अनुपस्थित महलमा संख्यामात्र उल्लेख गरिन्छ ।

**2.7 तपाईको परिवार जनगणनाको समय (वि.सं. २०७८ कार्तिक २५ देखि मंसिर ९ सम्म) मा पनि यही ठाउँ (गणना क्षेत्र) मा थियो ?**

वि.सं. २०७८ कार्तिक २५ देखि मंसिर ९ सम्म राष्ट्रिय जनगणना २०७८ सम्पन्न भएको थियो । उक्त अवधिमा गणना गर्न लागिएको परिवार यहि स्थान वा गणना क्षेत्र *(PES को लागि छनोट भएकै स्थानमा)* ***मा*** भए नभएको सोध्नु पर्दछ । उक्त परिवार जनगणनाको समयमा यस स्थानमा नभएको भए प्रश्न २.८ नसोधी प्रश्न २.९ सोध्नु पर्दछ ।

**2.8 जनगणनाको समय तपाईको परिवारको बसोवास कहाँ थियो ?**

नेपालकै अन्य क्षेत्रमा ........................................ 1 ☐
विदेशमा ........................................ 2 → व्यक्तिगत खण्ड

प्रश्न **2.7** मा परिवारको बसोवास हाल बसोवास गरेको स्थानमा थिएन भन्ने आएमा मात्र सोध्नु पर्दछ । जनणनाको समयमा यो परिवारको बसोवास यहि गणना क्षेत्रमा थिएन र जनगणना पछि यस गणना क्षेत्रमा अक्सर बसोवास गर्न आएको हो भने जनगणनाको समयमा यो परिवार नेपालकै अन्य क्षेत्रमा थियो वा विदेशमा थियो सोधी लेख्नु पर्दछ । यदि यो परिवार नेपाल कै अन्य क्षेत्रबाट बसाईंसराइ गरी जनगणना पश्चात यस गणना क्षेत्रमा अक्सर बसोवास गर्न आएको रहेछ भने कोड 1 र जनगणनाको समयसम्म विदेशमा भएको तर अबदेखि यहीं बसोवास गर्ने गरी आएको हो भने 2 कोड लेख्नुपर्छ ।

## 2.9 तपाईको परिवारको जनगणना भएको थियो ?

| | | |
|---|---|---|
| थियो | 1 | ☐ |
| थिएन | 2 | |
| थाहा भएन | 3 | |

यो परिवार जनगणनाको समयमा यहि गणना क्षेत्रमा अक्सर बसोवास गरेको वा नेपालको अन्य कुनै भागमा अक्सर बसोवास गरेको भए यो परिवारमा जनगणना भएको थियो कि थिएन सोधी लेख्नु पर्दछ । यदि जनगणना भएको भए कोड 1, जनगणना नभएको भए कोड 2 र जनगणना भए नभएको थाहा नभएको भए कोड 3 लेख्नु पर्दछ ।

## 2.10 जनगणनाको समय (वि.सं. २०७८ कार्तिक २५ देखि मंसिर ९ सम्म) मा परिवारमा अक्सर बसोवास गरेका व्यक्ति संख्या

नेपालमा वि.सं. २०७८ साल कार्तिक २५ देखि मंसिर ९ गतेसम्म जनगणना सञ्चालन भएको थियो । सो समयमा यस परिवारमा अक्सर बसोवास गरेका परिवारका सदस्यहरूको जम्मा संख्या यहाँ लेख्नुपर्दछ । गणना गर्न लागेको परिवारमा जनगणनाको समयमा अक्सर/प्रायजसो/धेरैजसो (Usually) बसोवास गर्ने जम्मा कति सदस्य थिए सोधी (बाल-बालिका, भर्खरै जन्मेका बच्चा, बृद्ध, अपाङ्गता भएका व्यक्ति पुरुष र महिला कोही नछुटाई) जम्मा संख्या लेख्नुपर्दछ । अक्सर बसोवास गरेको एकिन गर्नको लागि जम्मा परिवार सदस्य संख्यामा अक्सर बाहिर स्वदेश र विदेश बस्ने व्यक्तिको संख्या घटाएर लेख्नु पर्दछ ।

# खण्ड ३: व्यक्तिगत विवरण

## 3.1 परिवारमा अक्सर बसोवास गर्ने सदस्यहरूको विवरण (CHARACTERISTICS OF MEMBERS OF THE HOUSEHOLD)

**महल 3.1.1: क्र.सं.**

महल **3.1.1** मा क्रमसंख्या १ देखि ८ सम्म परिवारका ८ जना सदस्यहरूको विवरण भर्न मिल्ने गरी ८ वटा लाइन छन् । एक परिवारमा ८ जनासम्म सदस्य भए एउटा पेजले पुग्छ, तर परिवारमा ८ जना भन्दा बढी सदस्यहरू भए उही पानामा अरु सदस्यको नाम लेख्ने लाइन हुँदैन त्यसैले दोस्रो पाना प्रयोग गर्नुपर्दछ र लेखिएको क्रमसंख्या १, २, ३, .... लाई सच्याई क्रमशः ९, १०, ११ ...... गरी लेख्नुपर्दछ । परिवारका सदस्यहरू १६ जनाभन्दा बढी भए एवं क्रमले तेस्रो पानामा लेखिएको क्रमसंख्या १, २, ३, .... लाई सच्याई क्रमशः १७, १८, १९, .... गरी लेख्नुपर्दछ । त्यस्तै, एउटा पेजमा दुई परिवारको विवरण पनि लेख्नु हुँदैन ।

नोटः तालिकाको हरेक हरफमा समान कमसंख्या लेखिएको छ र हल्का कालोले पोतेको छ । यस स्थानमा जनगणनाको फारामबाट उक्त व्यक्तिको नाम र अन्य विवरण सार्नको लागि राखिएको हो । जस्तैः कमसंख्या १ र १ लेखिएकोमा हल्का कालोले पोतेको स्थानमा कार्यालयले जनगणनाबाट व्यक्तिको विवरण लेख्ने हो ।

**महल 3.1.2: परिवारमा अक्सर बसोवास गर्ने व्यक्तिको नाम र थर**

(यस महलमा परिवारमा अक्सर बसोवास गर्ने व्यक्तिको नाम थर लेख्दा सबैभन्दा पहिला परिवारमूलीको लेखी बाँकी सदस्यहरूको क्रमैसँग पारिवारिक हाँगा अनुसार लेख्नुपर्दछ ।)

यस महलमा सबैभन्दा पहिला परिवारमूलीको नाम थर लेख्नु पर्दछ। परिवारमूलीको नाम थर परिचयात्मक खण्डमा लेखिएको नामसँग मिल्नु पर्दछ। यस प्रश्नमा दुई मुख्य कुरामा ध्यान दिनु पर्दछ। पहिलो : **अक्सर बसोवास गर्ने व्यक्तिको संख्या** (यस अघि पारिवारिक खण्डमा निश्चित गरी सकिएको हुन्छ) र दोस्रो : **परिवारमूलीको पहिचान** (यस अघि नै परिचयात्मक खण्डमा पहिचान गरिएको हुन्छ) ।

परिवारमा अक्सर बसोवास गर्ने व्यक्तिको नाम थर लेख्दा सबैभन्दा पहिले क्र.सं. १ मा परिवारमूलीको नाम थर लेखीसके पछि अरू सदस्यको (परिबारमूलीको श्रीमान्/श्रीमती, छोरा, छोरी, बुहारी, नाती, नातिनी, बुबा, आमा आदि) नाम पारिवारिक हाँगा (Family Tree) अनुसार क्रमैसँग लेख्नुपर्दछ। परिवारका प्रत्येक सदस्यको थर सोधी व्यक्तिको नाम लेखिसकेपछि व्यक्तिको थर (Surname/Family Name) समेत स्पष्ट हुने गरी लेख्नुपर्दछ। व्यक्तिको नाम थर लेख्दा निम्न कुरामा ध्यान दिनु पर्दछ ।

१. व्यक्तिको नाम लेख्दा जेठो, साहिँली, कान्छा, ठूले, पप्पु, लड्की, करिया जस्ता बोलाउने छोटकरी नाम नलेखी वास्तविक नाम लेख्नु पर्दछ। भर्खर जन्मेको नामाकरण नभएको बच्चाको नाम लेख्दा **नवजात शिशु** लेख्नु पर्दछ ।

२. परिवारमा अक्सर बसोवास गर्ने एक वा एकभन्दा बढी व्यक्तिहरू हुन सक्दछन् । परिवारमा वृद्ध वृद्धा, वयस्क, केटाकेटी, भर्खरै जन्मेका बच्चा, अपाङ्गता भएका व्यक्ति समेत हुनसक्दछन् । जनगणनाको समयमा यी व्यक्तिहरू कहिलेकाँही छुट्ने गरेको पाइन्छ । त्यसैगरी परिवारमा नाता पर्ने र नाता नपर्ने व्यक्ति पनि हुन सक्दछन् । गणना गर्दा कुनै पनि व्यक्ति छुटाउनु हुँदैन र कसैको पनि दोहोरो लेख्नु हुँदैन। परिवारमा नाता पर्ने र नपर्ने को-को सदस्य छन्, सोधी बुझी सबैको गणना गर्नुपर्दछ ।

३) परिवारमा धेरै जना सदस्यहरू (ठूलो वा संयुक्त परिवार) भए गणना गर्दा परिवार मूलीको नाम शुरुवातमा लेखेर क्रमैसँग अन्य व्यक्तिहरूको तथ्याङ्क संकलन गर्नुपर्दछ। (जस्तै - परिवारमूली, परिवारमूलीको श्रीमान्/श्रीमती, जेठोछोरा, बुहारी, जेठो छोराको छोरा-छोरी, ....... एवं क्रमले) अविवाहित छोराछोरी, बुबा आमाहरूको गणना गर्न उपयुक्त हुन्छ। परिवारका व्यक्ति (सदस्य) को नाम थर क्रम मिलाएर लेख्दा गणनाको मूल उद्देश्य : **कोही नछुटून् र कोही नदोहोरिऊन्,** पूरा हुन्छ ।

४) परिवारको गणना विवरण लिँदा सकेसम्म परिवारमूलीलाई नै सोधी लेख्नुपर्दछ। परिवारमूलीबाट विवरण लिन सम्भव नभए मूलीपछिको मुख्य व्यक्तिबाट (मूलीको श्रीमान्/श्रीमती वा त्यसपछिको मुख्य व्यक्ति - बुबा, आमा, भाउजू, दिदी, .....सँग) विवरण लिनुपर्दछ। परिवारको

सदस्यका बारेमा राम्रो जानेबुझेका त्यही परिवारका सदस्यबाहेक अरू कसैबाट विवरण लिनुहुँदैन । कुनै परिवारको सदस्यको बारेमा राम्ररी नबुझेका व्यक्तिबाट लिइएको विवरण गलत हुन सक्दछ ।

**परिवारका सदस्यहरूको गणना गर्दा नाम थर लेख्ने तरिकाः**




***कक्षागत अभ्यास -***

पोखरा स्थित घरमा पेम्बा शेर्पाको परिवारमा - पेम्बा, श्रीमती डोल्मा (साहिँली), बुवा, फुपू, एक छोरा र दुई छोरी रहेको परिवार रहेछ । पेम्बा ९ वर्षदेखि भारतीय सेना (आर्मी) मा छन्, बुवाको उमेर ६७ वर्ष भयो र खास कामकाज गर्न पनि सक्तैनन् । घरव्यवहार र खर्चको ब्यबस्था मिलाउने जिम्मा डोल्मामा नै छ । फुपू खेतीपाती र घरधन्दाको काममा सघाउँछिन् । छोरा काठमाण्डौको स्कूलको छात्राबासमा बसेर पढ्छन् तर छोरीहरू घर नजिकैको स्कूल जान्छन् । यस अवस्थामा तलका प्रश्नहरुको उत्तर के हुन्छ ?

१. यो परिवारको परिवारमूली को हुन्छ ? किन ?

२. तलको तालिकामा अंक भर्नुहोस् ।

| परिवार सदस्य | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| अक्सर बस्ने | | | |
| स्वदेशमा अनुपस्थित | | | |
| विदेशमा अनुपस्थित | | | |

**महल 3.1.3: ..[नाम]..परिवारमूलीसागको नाता**

| | |
|---|---|
| परिवारमूली .......... 1 | दाजुभाइ/दिदीबहिनी ...... 7 |
| श्रीमान्/श्रीमती...... 2 | नाति/नातिनी .............. 8 |
| छोरा/बुहारी .......... 3 | अन्य नातेदार................ 9 |
| छोरी/ज्वाइँ .......... 4 | घरेलु कामदार............ 10 |
| बाबु/आमा........... 5 | नाता नपर्ने ............ 11 |
| सासू/ससुरा .......... 6 | |

गणना गर्न लागिएका व्यक्तिलाई लहर १ मा लेखिएको परिवारमूलीले के नाताले बोलाउने हो वा सो परिवारमूलीको के पर्ने हो त्यो नाता जनाउने संकेत नं. सम्बन्धित लहरमा लेख्नुपर्दछ । नाता उल्लेख गर्ने पहिलो लहरमा परिवारमूली स्वयंको 1, मूलीको श्रीमान्/श्रीमती भए 2 लेख्नुपर्दछ। एवं क्रमले गणना गरिएका व्यक्ति मूलीको के नाता पर्ने हो सोधी उपयुक्त नाता जनाउने संकेत नम्बर यस महलको सम्बन्धित लहरमा लेख्नुपर्दछ। फाराममा उल्लेख भएका नाताबाहेक अरू नाता पर्ने भए अन्यको संकेत नम्बर लेख्नुपर्दछ, जस्तै – हजुरबुबा, हजुरआमा, भाउजू, साला-साली, भान्जा-भान्जी, मामा-माइजू आदि। नाता नपर्ने तर तलब, ज्याला दिई राखेका सहयोगी, भान्से आदि भए घरेलु कामदारको संकेत कोठामा 10 लेख्नुपर्दछ। मूलीको कुनै नाता नपर्ने भए संकेत कोठामा 11 लेख्नुपर्दछ। परिवारमूलीको नाताको कोड प्रश्नावलीमा दिइएको छ।

**महल 3.1.4: ..[नाम].. को लिङ्ग कुन हो ?**

यस महलमा प्रत्येक व्यक्तिको प्राकृतिक लिङ्ग (Biological Sex) के हो सोधी पुरूष भए 1 र महिला भए 2 संकेत यस महलको सम्बन्धित लहरमा लेख्नुपर्दछ। केही नामहरू जस्तै अम्बिका, तुलसी, तारा, लक्ष्मी आदि महिला पुरूष दुवैले प्रयोग गरेको पाइन्छ। त्यसैले उत्तरदातालाई नसोधी नामको आधारमा मात्र व्यक्तिको लिङ्ग लेख्नुहुँदैन । उत्तरदाताले पुरूष, महिला मध्ये कुन लिङ्ग लेख्न भन्दछन् सोही लिङ्ग लेख्नुपर्दछ। कुनै परिवारमा अन्य लिङ्गी व्यक्ति पनि रहेछन् भने त्यस्ता व्यक्तिको लागि निजको जन्म हुँदाको लिङ्ग सोधी महिला वा पुरुष के हो वा नछुट्टिनेको हकमा के भन्न रुचाउँछन् वा कस्तो भेषभूषा लगाएका छन् सोहि अनुसार लेख्नुपर्दछ।

**महल 3.1.5: ...[नाम].. को पूरा भएको उमेर कति हो ?**

(उमेर लेख्दा व्यक्तिले पूरा गरेको वर्ष मात्र लेख्नुहोस्, एक वर्ष उमेर पुरा नभएकालाई “००” लेख्ने)

कतिपय उत्तरदातालाई आफ्ना परिवारका सबै सदस्यहरूको जन्ममिति र उमेर निश्चित नहुनसक्दछ। सम्बन्धित व्यक्तिको उमेर कति हो भन्ने प्रश्न सोध्दा सामान्यरूपमा “थाहा छैन” भन्ने गरेको पाइन्छ। कतिपय उत्तरदाताले उमेरको जवाफ दिँदा प्रायः “०” अथवा “५” मा टुंगिने (जस्तै १४ वर्ष भए १५ भन्ने, ४९ वर्ष भए ५० भन्ने, ३१ वर्ष भए ३० भन्ने) अंकमा जवाफ दिने गरेको पनि पाइन्छ। यस्तो जवाफ वास्तविक उमेरभन्दा फरक पर्नसक्दछ। व्यक्तिको उमेर एक महत्वपूर्ण जनसांख्यिक तथ्याङ्क भएकोले गलत उमेर प्राप्त भएमा जनसंख्यासम्बन्धी विश्लेषण तथा प्रक्षेपणहरू सहि हुँदैनन्। तसर्थ जनगणनामा अन्य विवरण संकलन गरेजस्तै प्रत्येक व्यक्तिको सही उमेर लेख्नुपर्दछ। उमेर स्पष्ट भन्न नसके परिवारका अरू सदस्यको उमेरभन्दा कति फरक छ, कति वर्षले जेठो, जेठी अथवा कान्छो, कान्छी हो छुट्ट्याई उमेर निश्चित गर्न सकिन्छ। विगतका कुनै मुख्य

घटनाको हाराहारीमा जन्म भए ती घटना कति सालका हुन्, यस्ता घटना उमेर निश्चित गर्ने आधार हुनसक्दछन्, जस्तैः १९९० सालको भूकम्प जाँदा, २००७ सालको आन्दोलन हुँदा, २०१५ सालको आमचुनाव हुँदा, २०३६ सालको जनमत संग्रह हुँदा, २०४५ सालको भूकम्प जाँदा, २०४६ सालको जनआन्दोलन हुँदा, २०७२ सालको भूकम्प जाँदा आदि मा व्यक्ति कति वर्षको भएको थियो भनी सोधेमा उमेर थाहा पाउन सकिन्छ ।

**महल 3.1.6 : [नाम] ले पढ्न लेख्न जान्नुहुन्छ ?**

*(५ वर्ष वा सो भन्दा माथि उमेरका लागि मात्र)*

| | |
|---|---|
| पढ्न लेख्न जानेको......... | 1 |
| पढ्न मात्र जानेको......... | 2 |
| पढ्न लेख्न नजानेको....... | 3 |

यो प्रश्न ५ वर्ष वा सोभन्दा बढी उमेरका सबै व्यक्तिलाई सोध्नुपर्दछ । कुनै भाषामा पढ्न, लेख्न र सामान्य हरहिसाब (जोड, घटाउ) गर्न जानेको व्यक्तिलाई पढ्न र लेख्न दुवै जानेको मान्नुपर्दछ । कुनै भाषामा पढ्न मात्र जानेकालाई पढ्न र लेख्न जानेको मान्नुहुँदैन । त्यस्ता व्यक्तिलाई पढ्न मात्र जानेको मान्नुपर्दछ । कुनै भाषामा पढ्न सक्ने र अनुकरण गरी आफ्नो नाम मात्र लेख्न सक्नेलाई पढ्न मात्र जानेको मान्नु पर्दछ । गणना गरिएका व्यक्तिले पढ्न र लेख्न दुवै जानेको भए सम्बन्धित लहरमा कोड 1, पढ्न मात्र जानेको भए कोड 2, पढ्न र लेख्न दुवै नजानेको भए कोड 3 लेख्नुपर्दछ ।

कुनै व्यक्तिले औपचारिक रुपमा विद्यालय, पाठशाला वा स्कूलमा भर्ना भएर वा अनौपचारिक रुपमा बाल, प्रौढ कक्षामा संलग्न भई घरमा स्वअध्ययन गरेको वा यस्तै कुनै प्रकारले अध्ययन गरी पढ्न लेख्न जानेको हुनसक्दछ । दृष्टिविहीन व्यक्तिहरूले ब्रेल लिपीमा पढ्न लेख्न जानेको तथा बहिरा व्यक्तिहरूले सांकेतिक भाषामा पढ्न लेख्न जानेको अवस्थालाई पढ्न लेख्न दुबै जानेको अन्तर्गत नै समावेश गर्नुपर्दछ ।

**महल 3.1.7: ...[नाम].. को वैवाहिक स्थिति के हो ?** *(१० वर्ष वा सोभन्दा माथि उमेर भएकालाई मात्र)*

| (..नाम...) को वैवाहिक स्थिति के हो ? | |
|---|---|
| अविवाहित........ | 1 |
| विवाहित........... | 2 |
| विधुर/विधवा.... | 3 |
| पारपाचुके......... | 4 |
| छुट्टिएको .......... | 5 |

परिवारका १० वर्ष वा सोभन्दा माथिका सबै उमेरका व्यक्तिहरूलाई यो प्रश्न सोध्नुपर्दछ । व्यक्तिको वैवाहिक स्थितिलाई ५ वटा वर्गमा बाँडिएको छ । ती मध्ये उपयुक्त एउटा मात्र कोड नम्बर सम्बन्धित महलको सम्बन्धित लहरमा लेख्नुपर्दछ ।

वैवाहिक स्थिति भन्नाले गणनाको समयमा १० वर्ष वा सोभन्दा माथिको उमेरका व्यक्तिको विवाहको स्थितिलाई बुझाउँछ । गणनाको प्रयोजनका लागि विवाहका स्थितिहरू कोड 1 देखि 5 सम्म उल्लेख गरिएका छन् । कोड 1 को अविवाहित स्थिति भन्नाले जीवनकालमा हालसम्म एकपटक पनि विवाह नभएको स्थिति हो भने कोड 2 देखि 5 सम्मका स्थितिहरू जीवनकालमा

एकपटक विवाह भएको र त्यसपछिका विभिन्न स्थितिहरू हुन् । यी स्थितिहरूको निम्नानुसार ब्याख्या गरिएको छः-

**अविवाहित (कोड 1)**

कुनै महिला वा पुरूष आफ्नो जीवनकालको कुनै पनि समयमा अर्को पक्ष पुरूष वा महिलासँग श्रीमान् श्रीमतीको सम्बन्ध जोडी कहिल्यै बसेका छैनन् वा जीवनमा कहिल्यै विवाह भएको छैन भने त्यसलाई विवाह नभएको अर्थात् अविवाहित बुझ्नुपर्दछ । गणना गर्दा विवाहको यो स्थिति भएका अथवा विवाह नभएका पुरूष वा महिला भए सम्बन्धित लहरमा कोड 1 लेख्नुपर्दछ ।

**विवाहित (कोड 2)**

विवाहित भन्नाले कुनै महिला वा पुरूष आपसी समझदारी वा आ-आफ्नो सामाजिक, धार्मिक रीतिरिवाज वा कानूनी प्रक्रियाबाट आफ्नो जीवनकालको कुनै समयमा अर्को पक्ष पुरूष वा महिलासँग श्रीमान-श्रीमतीको सम्बन्ध जोडी बसेकालाई बुझाउँछ । एक विवाह, बहुविवाह र पुनर्विवाह जे गरी विवाह गरेको भएपनि हाल जोडी भई बसेको अवस्थालाई विवाहित सम्झनु पर्दछ । विवाहित अवस्था जनाउन सम्बन्धित लहरमा कोड 2 लेख्नुपर्दछ ।

**विधुर/विधवा (कोड 3)**

विवाह भइसकेका कुनै महिलाको गणनाको समयअघि श्रीमान्को मृत्यु भई हालसम्म पुनः विवाह नगरी बसेकी भए विधवा हुन्छ । त्यस्तै विवाह भई सकेका कुनै पुरुषको श्रीमतीको मृत्यु भई हालसम्म पुनः विवाह नगरेका भए विधुर हुन्छ । यस्तो अवस्थामा कोड 3 लेख्नुपर्दछ । तर विधवा भएकी महिला वा विधुर भएका पुरूषले गणना अघि पुनः विवाह गरिसकेको र उक्त समयमा श्रीमान्/श्रीमती भई सँगै रहेका भएमा विवाहित मानी कोड 2 लेख्नुपर्दछ ।

**पारपाचुके (कोड 4)**

विवाहपश्चात श्रीमान्-श्रीमतीको कुनै मनमुटाव वा मतभेद भई श्रीमान-श्रीमती एक अर्कासँग बस्न नसकी कानूनी तवरले छुट्टिई गणनाको समयमा अलग्गै बसेका भए उनीहरूको वैवाहिक स्थिति पारपाचुके भएको मान्नुपर्दछ । यस्ता पुरूष वा महिलाको गणनाको समयमा पारपाचुकेको स्थिति भए कोड 4 लेख्नुपर्दछ । पारपाचुकेलाई सम्बन्धविच्छेद पनि भनिन्छ ।

**छुट्टिएको (कोड 5)**

विवाहित श्रीमान्-श्रीमती यदि कुनै झगडा वा मतभेदको कारणबाट सँगै बस्न नसक्ने भई आपसी समझदारी वा असमझदारीबाट बेग्ला बेग्लै बस्ने गरेको भए ती व्यक्तिहरूको वैवाहिक स्थितिलाई छुट्टिएको मान्नुपर्दछ । जबसम्म श्रीमान्-श्रीमतीको कानूनीरूपमा पारपाचुके भएको हुँदैन र उनीहरू आपसी मनमुटावका कारण अलग्गै बसेका हुन्छन् तबसम्म उनीहरूको वैवाहिक स्थिति गणनाको प्रयोजनका लागि छुट्टिएको मान्नुपर्दछ । कुनै पुरूष वा महिलाको वैवाहिक अवस्था गणनाको समयमा छुट्टिएको स्थिति भए सम्बन्धित लहरमा कोड 5 लेख्नुपर्दछ । तर जागिर, व्यवसाय वा अन्य कारणले श्रीमान् श्रीमती अलग अलग स्थानमा बसेकालाई छुट्टिएको मान्नुहुँदैन ।

**महल 3.1.8 .. [नाम].. को जन्मस्थान कहाा हो ?**

| (..नाम...) को जन्मस्थान कहाँ हो ? |
|---|
| यहि गा.पा./न.पा......1 |
| यहि जिल्लाको अर्को गा.पा./न.पा.............2 |
| अर्को जिल्ला ...........3 |
| विदेश ...................4 |

जन्मस्थान सम्बन्धी प्रश्न सबै उमेरका व्यक्तिलाई सोध्नुपर्दछ । व्यक्तिको जन्मस्थान अक्सर बसोवास गरी रहेकै गा.पा. ⁄ न.पा. मा रहेको भए **यही गा.पा.** ⁄ **न.पा.** को संकेत 1 लेख्नुपर्दछ । व्यक्तिको जन्मस्थान यही यही जिल्लाको अर्को गा.पा. ⁄ न.पा. हो भने संकेत 2 लेख्नुपर्दछ । त्यस्तै व्यक्तिको जन्म हाल बसोवास गरीरहेको जिल्ला भन्दा बाहेक अर्को जिल्लामा हो भने संकेत 3 लेख्नु पर्दछ । एवं प्रकारले गणना गरिन लागेको व्यक्तिको जन्म नेपाल भन्दा बाहिर अन्य देशमा भएको भए विदेशको संकेत 4 लेख्नुपर्दछ । तत्कालिन अर्को गा.वि.स. ⁄ न.पा. मा जन्मेको तर उक्त गा.वि.स. ⁄ न.पा. हाल बसेको गा.पा. ⁄ न.पा. मा समावेश भई एउटै गा.पा. ⁄ न.पा. भएको अवस्थामा पनि यही गा.पा. ⁄ न.पा. को संकेत 1 लेख्नुपर्दछ । स्थान परिवर्तन नभई नाम तथा क्षेत्र परिवर्तन भई नयाँ गा.पा. ⁄ न.पा. कायम भएको अवस्थामा अर्को गा.पा. ⁄ न.पा. मा जन्म भएको सम्झनु हुँदैन । जस्तैः लेखनाथ नगरपालिका गाभिएर पोखरा महानगरपालिका बनेकोले तत्कालिन लेखनाथ नगरपालिकामा जन्मेर त्यहीँ बसिरहेको व्यक्तिको जन्मस्थान यही गा.पा. ⁄ न.पा. हुन्छ अर्को गा.पा. ⁄ न.पा. हुँदैन ।

व्यक्तिको जन्म आफ्नै घर, अस्पताल, प्रसूति गृह, नर्सिङहोम वा अन्य कुनै ठाउँमा भएको भएतापनि गणनाको प्रयोजनका लागि जन्मस्थान भन्नाले व्यक्तिको जन्म हुँदाको समयमा ती व्यक्तिको आमाको अक्सर बसोवास गरेको स्थानलाई नै मान्नुपर्दछ ।

पछिल्लो समय नवलपरासी र रुकुमलाई विभाजन गरी नवलपरासी (पूर्व) र नवलपरासी (पश्चिम) तथा रुकुम (पूर्व) र रुकुम (पश्चिम) गरी नेपालमा जिल्लाको संख्या ७५ बाट ७७ बनाइएको अवस्थामा जन्मस्थान खुलाउन हालको जिल्ला विभाजनलाई सम्झी लेख्नु पर्दछ । उदाहरणको लागि उत्तरदाताको जन्मस्थान पूर्वी नवलपरासीको कुनै गा.पा. ⁄ न.पा. भएको र हाल पश्चिम नवलपरासीको कुनै गा.पा. ⁄ न.पा.मा बसोवास गरेको भए जन्मस्थान अर्को जिल्ला मानी संकेत **3** लेख्नु पर्दछ । तर पूर्वी नवलपरासी भित्रकै अर्को गा.पा. ⁄ न.पा. मा हाल बसोवास गरेको भए यही जिल्लाको अर्को गा.पा. ⁄ न.पा. मानी संकेत **2** लेख्नु पर्दछ ।

**महल 3.1.9 जनगणनाको समयमा .. [नाम].. को बसोवास कहाँ थियो?**

| जनगणनाको समयमा (..नाम...) को बसोबास कहाँ थियो ? |
|---|
| यही परिवारमा बसेको.... 1 |
| स्वदेशमा अन्यत्र बसेको (परिवार वा ठाउँ).........2 |
| विदेशमा बसेको............3 |
| → अर्को व्यक्ति |
| जनगणना पछि जन्मेको.. 4 |
| → अर्को व्यक्ति |
| 3.1.9 |

यहाँ परिवारका प्रत्येक व्यक्तिको जनगणनाको समयमा बसोवासको अवस्था कस्तो थियो सो विवरण लिन खोजिएको हो ।

**यहि परिवारमा बसेको (कोड 1)**

कुनै व्यक्ति जनगणनाको समयदेखि हालसम्म यहि परिवारमा बसिरहेको छ भने यहि बसेको कोड **1** लेख्नु पर्दछ । जनगणनाको बेलामा छोटो समयको लागि घुम्न वा उपचारका लागि अन्य भागमा (स्वदेश वा विदेश) बसेको व्यक्तिको लागि पनि कोड **1** लेख्नु पर्दछ ।

**स्वदेशमा अन्यत्र बसेको (परिवार वा ठाउा) (कोड 2)**

हाल यस परिवारका सदस्यको रुपमा रहेको व्यक्ति जनगणनाको समयमा नेपालको अन्य भू भागमा पढ्न बसेको, काम पेशा वा व्यवसायको लागि बसेको तर हाल उक्त स्थान छाडी यस परिवारको सदस्यको रुपमा परिवारमा अक्सर बस्न आएको रहेछ भने अन्यत्र बसेको कोड **2** लेख्नु पर्दछ । नयाँ विवाह गरी आएकाहरुको लागि पनि कोड **2** लेख्नु पर्दछ ।

**विदेशमा बसेको (कोड 3)**

हाल यस परिवारका सदस्यको रुपमा रहेको व्यक्ति जनगणनाको समयमा विदेशमा अक्सर बसोवास गर्दथ्यो तर जनगणना पश्चात विदेशबाट अब फेरी तत्काल विदेश नफर्कने गरी परिवारका सदस्यको रुपमा थपिएर आएको भए विदेशमा बसेको कोड **3** लेख्नु पर्दछ ।

**जनगणना पछि जन्मेको (कोड 4)**

कुनै व्यक्ति जनगणना पश्चात यही परिवारमा जन्मेर परिवारको सदस्यको रुपमा थपिएको भए जनगणना पश्चात जन्मेको कोड **4** लेख्नु पर्दछ । यदि जनगणना पश्चात जन्मेर थप भएको परिवारको सदस्य हो भने उक्त व्यक्तिको उमेर शुन्य (००) हुनु पर्दछ । कुनै व्यक्ति जनगणना पछि जन्मेको भए पनि अर्के परिवारमा जन्मेर जनगणना पछि हाल यस परिवारको सदस्य भएको भए पनि कोड **4** लेख्नु पर्दछ ।

यस महलमा कोड **3** वा **4** आएमा अर्को व्यक्तिको विवरण सोध्नुपर्दछ ।

**महल 3.1.10: ...[नाम].. को जनगणनामा अन्यत्र कतै पनि गणना भएको थियो ?**

| (..नाम...) को जनगणनामा अन्यत्र कतै पनि गणना भएको थियो ? |
|---|
| भयो ............ 1<br>भएन............ 2<br>थाहा छैन.... 3 |

महल **3.1.9** मा कुनै व्यक्ति जनगणनाको समयमा यस स्थानमा बसेको वा नेपालको अन्य कुनै भूभागमा बसेको रहेछ भने त्यस्ता व्यक्तिको दोहोरो गणना अर्को स्थानबाट पनि भएको थियो कि थिएन भनी सोध्नु पर्दछ । यदि नेपालको अर्को कुनै भागबाट गणना भएको भए गणना भएको थियो को कोड 1, गणना भएको थिएन भने कोड 2 लेख्नु पर्दछ र थाहा छैन भने कोड 3 लेख्नु पर्दछ ।

**प्रश्न ३.२ जनगणनाको समय (वि.सं. २०७८ कार्तिक २५ देखि मंसिर ९ गते सम्म) मा यस परिवारमा अक्सर बसोवास गरेका तर हाल (PES को समयमा) परिवारमा अक्सर बसोवास नगरेका/छाडेका वा मृत्यु भएका कोही छन् ?**

एक पटक एउटै परिवारमा रहेका व्यक्ति सदैव उही परिवारमा रहन्छन् भन्ने हुँदैन । परिवारमा सदस्यहरू थपघट भईरहन सक्छन् । यस प्रश्नमा जनगणनाको समयमा एउटै परिवारमा अक्सर बसोवास गर्ने सदस्यहरू गणना जाँच सर्वेक्षणको समयमा सोही परिवारमा छन् कि छैनन् भनी सोध्न खोजिएको छ । जनगणनाको समयमा परिवारका सदस्य भएको व्यक्ति गणना जाँच सर्वेक्षणको समयमा सो परिवारमा किन छैनन् भनी प्रत्येक व्यक्तिको बारेमा सोध्न खोजिएको छ ।

विभिन्न कारणहरू जस्तै मृत्यु, पेशा, व्यवसाय, अध्ययन, धार्मिक क्रियाकलाप, समाज सेवा, राजनीति, वैवाहिक सम्बन्ध आदिले परिवारका सदस्यहरू एक ठाउँ भन्दा फरक अन्य ठाउँमा सरेका वा मृत्यु भएका पनि हुन सक्छन् ।

जनगणनाको समयमा धेरै जसो बस्दै गरेको स्थानमा व्यक्तिको गणना भएको तर तिनै व्यक्तिहरू PES को समयमा लामो समयको लागि स्वदेश कै अन्य ठाउमा वा बिदेशमा बसाई सरेर गई वा विवाह गरी वा मृत्युका कारण परिवार सदस्य संख्या PES को समयमा घट्न पुगेको हुन सक्छ । यसरी परिवार संख्या घटेको छ भने कोड 1 लेखि त्यस्ता व्यक्तिको संख्या उल्लेख गर्दै उनीहरूको विस्तृत विवरण प्रश्नावली फारमको प्रश्न 3.3 टेवलमा उल्लेख गर्नुपर्दछ र घटेको छैन भने कोड 2 उल्लेख गरे मात्र पुग्दछ ।

**प्रश्न ३.३ : जनगणनाको समयमा यस परिवारमा अक्सर बसोवास गरेका तर हाल (PES को समयमा) परिवारमा अक्सर बसोवास नगरेका/छाडेका वा मृत्यु भएकाहरूको विवरण (CHARACTERISTICS OF OUT-MOVERS)**

PES को तथ्याङ्क संकलनका क्रममा परिवारमा प्रश्न सोध्दा परिवारका कुनै व्यक्ति हाल अध्ययन, पेशा, व्यवसाय, वैवाहिक सम्बन्ध आदिका कारण अन्यत्र कुनै ठाउँमा अक्सर बसोवास गर्नुहुन्छ कि भनी सोध्नु पर्दछ । जनगणनाको समयमा अक्सर बसोवास गरेका तर हाल PES को समयमा परिवारमा अक्सर बसोवास नगरेका वा परिवार छाडेका व्यक्तिको विवरण यहाँ उल्लेख गर्नुपर्दछ । मृत्यु भएका तथा विवाह भई अन्यत्र गएका व्यक्तिहरूको विवरण पनि यसैमा उल्लेख गर्नु पर्दछ ।

**महल 3.3.1: क्र.सं.**

जनगणनाको समयमा परिवारमा अक्सर बसोवास गर्ने र यही परिवारमा गणना भएका व्यक्तिहरू PES को समयमा अनुपस्थित रहेका सदस्यहरूको क्रमसंख्या लेख्नुपर्दछ । महल **3.3.1** मा क्रमसंख्या १ देखि ४ सम्म परिवारका अनुपस्थित ४ जना सदस्यहरूको विवरण भर्न मिल्ने गरी ४ वटा लाइन छन् । **Shadow** गरेको लाईन कार्यालय प्रयोजनको लागि हो ।

**महल 3.3.2: जनगणनाको समयमा यस परिवारमा अक्सर बसोवास गरेका तर हाल (PES को समयमा) परिवारमा अक्सर बसोवास नगरेका/छाडेका वा मृत्यु भएका व्यक्तिको नाम र थर**

यस महलमा जनगणनाको समयमा अक्सर बसोवास गरेका तर हाल PES को समयमा परिवारमा अक्सर बसोवास नगरेका, परिवार छाडेका व्यक्तिको नाम र थर यस महलमा उल्लेख गर्नु पर्दछ । मृत्यु भएका तथा विवाह भई अन्यत्र गएका व्यक्तिहरूको नाम र थर पनि यसैमा उल्लेख गर्नु पर्दछ ।

**महल 3.3.3: (...नाम...) परिवारमा अनुपस्थित हुनाको कारण के हो ?**

जनगणनामा यस परिवारका सदस्य भएका व्यक्ति गणना जाँच सर्वेक्षणको समयमा सो परिवारमा अनुपस्थित हुनुका निम्न दुई वटा कारणहरू मध्ये कुन कारणमा पर्दछ, सोही कारणको कोड यहाँ उल्लेख गर्नु पर्दछ:

**घर परिवार छोडेको (कोड 1)**: परिवारबाट छुट्टि भिन्न भई अलग भएर, विवाह भएर, अध्ययन, पेशा, व्यवसाय, वैवाहिक सम्बन्धका कारण अन्यत्र गएर, घरेलु कामदारको रुपमा रहेको व्यक्ति परिवार छोडेर, आदि कारणले कुनै व्यक्ति उक्त परिवारमा हाल अक्सर बसोवास नगरेको वा छोडेको हुन सक्दछ । यसरी विभिन्न कारणले जनगणनाको समयमा गणना भएका तर PES को समयमा उक्त परिवार छोडेर स्वदेश कै अन्य स्थानमा बसोवास गरेको वा विदेश गएको व्यक्तिलाई कोड 1 लेख्नुपर्दछ ।

**मृत्यु भएको (कोड 2)**: जनगणनाको समयमा गणना भएको व्यक्ति PES को समयमा मृत्युको कारणले उक्त परिवारमा रहेनछ भने सोको लागि कोड 2 लेख्नुपर्दछ ।

**महल 3.3.4**: (...**नाम**...) **परिवारमूलीको के नाता पर्नुहुन्छ** ?

जनगणनाको समयमा अक्सर बसोवास गरेका तर हाल PES को समयमा परिवारमा अक्सर बसोवास नगरेका, परिवार छाडेका वा मृत्यु भएका व्यक्तिहरू हालको परिवारमूलीको के नाता पर्नुहुन्छ, उक्त नाताको कोड यस महलमा लेख्नुपर्दछ । नाता सम्बन्धी विस्तृत विवरण महल 3.1.3 मा उल्लेख गरिएको छ ।

**महल 3.3.5**: (..**नाम**...) **को लिङ्ग के हो** ?

कुनै पनि व्यक्ति जन्मदा प्राकृतिक रुपमा पुरुष वा महिला भई जन्मन्छ । यसैका आधारमा व्यक्तिको लिङ्ग छुट्याउनु पर्दछ । जनगणनाको समयमा अक्सर बसोवास गरेका तर हाल PES को समयमा परिवारमा अक्सर बसोवास नगरेका, परिवार छाडेका वा मृत्यु भएका व्यक्तिको प्राकृतिक लिङ्ग (Biological sex) पहिचान गरी पुरुष भएमा कोड 1 र महिला भएमा कोड 2 लेख्नुपर्दछ ।

**महल 3.3.6**: (..**नाम**...) **को पुरा भएको उमेर कति थियो** ?

यस महलमा जनगणनाको समयमा अक्सर बसोवास गरेका तर हाल PES को समयमा परिवारमा अक्सर बसोवास नगरेका, परिवार छाडेका वा मृत्यु भएका व्यक्तिको परिवार छाड्दा वा मृत्यु हुँदा पुरा गरेको उमेर (Complete year) वर्षमा उल्लेख गर्नुपर्दछ र एक वर्ष पनि पुरा नभएका शिशुहरूको उमेरलाई ०० वर्ष उल्लेख गर्नुपर्दछ ।

**महल 3.3.7**: (..**नाम**...) **ले पढ्न लेख्न जान्नुहुन्थ्यो** ? *(५ वर्ष वा सो भन्दा माथि उमेरका लागि मात्र)*

यो प्रश्न ५ वर्ष वा सोभन्दा बढी उमेरका जनगणनाको समयमा अक्सर बसोवास गरेका तर हाल PES को समयमा परिवारमा अक्सर बसोवास नगरेका, परिवार छाडेका वा मृत्यु भएका व्यक्तिका लागि परिवार छाड्दा वा मृत्यु हुँदा उक्त व्यक्तिले पढ्न लेख्न जान्नुहुन्थ्यो भनी सोध्नुपर्दछ । यसमा पनि महल 3.1.6 कै परिभाषा अनुसार कोड लेख्नुपर्दछ ।

**महल 3.3.8:** *(..नाम...)* **को वैवाहिक स्थिति के थियो ?** *(दश वर्ष वा सो भन्दा माथि उमेर भएकालाई मात्र)*

यो प्रश्न १० वर्ष वा सोभन्दा बढी उमेरका जनगणनाको समयमा अक्सर बसोवास गरेका तर हाल PES को समयमा परिवारमा अक्सर बसोवास नगरेका, परिवार छाडेका वा मृत्यु भएका व्यक्तिको परिवार छाड्दा वा मृत्यु हुँदा उक्त व्यक्तिको वैवाहिक स्थिति के थियो भनी सोध्नुपर्दछ । यसमा पनि महल 3.1.8 कै परिभाषा अनुसार कोड लेख्नुपर्दछ ।

| (..नाम...) को वैवाहिक स्थिति के थियो ? |
|---|
| अविवाहित.................. 1 |
| विवाहित...................... 2 |
| विधुर/विधवा.............. 3 |
| पारपाचुके..................... 4 |
| छुट्टिएको...................... 5 |

**महल 3.3.9:** (..**नाम**...) **को जन्मस्थान कहाँ हो ?**

यस महलमा जनगणनाको समयमा अक्सर बसोवास गरेका तर हाल PES को समयमा परिवारमा अक्सर बसोवास नगरेका, परिवार छाडेका वा मृत्यु भएका व्यक्तिको जन्मस्थान कहाँ हो भनी सोध्नुपर्दछ । यसमा पनि महल 3.1.8 कै परिभाषा अनुसार कोड लेख्नुपर्दछ ।

| (..नाम...) को जन्मस्थान कहाँ हो ? |
|---|
| यहि गा.पा./न.पा.... 1 |
| यहि जिल्लाको अर्को गा.पा./न.पा.......... 2 |
| अर्को जिल्ला ......... 3 |
| विदेश ................4 |

## खण्ड ४: रुजु (RECONCILIATION)

***(यो खण्ड गणकले तथ्याङ्क संकलनको पहिलो चरणमा गर्नु पर्दैन, पहिलो चरणको कार्य पछि जनगणनाको विवरणसँग भिडाएपछि मात्र यो गरिन्छ)***

### 4.1 जनगणनामा भएको तर हाल (PES को समयमा) परिवारमा नभएका व्यक्तिहरु (Persons enumerated in the Census but not in the Post Enumeration Survey)

जनगणनाबाट प्राप्त तथ्याङ्कको शुद्धताको जाँच गर्ने पहिलो पहल PES हो । जाँच गर्दा PES बाट प्राप्त तथ्याङ्क र जनगणनाबाट प्राप्त तथ्याङ्कका बीच मेल नखाने देखिएमा जस्तै घर परिवारका सदस्य संख्या छुटेको, दोहोरिएको, सदस्यहरुको विवरणमा बेमेल देखिएको आदि अवस्था हुन सक्दछन् । कतिपय अवस्थामा परिवार नै PES मा गणना नभएको तर जनगणनामा भएको त्यसैगरी PES मा भएको जनगणनामा नभएको स्थिति पनि हुन सक्छ । यस्तो अवस्थाले तथ्याङ्क माथि प्रश्न उठ्ने गर्दछ । त्यस्तो बेमेलको परिस्थितिलाई पक्का गर्न रुजु गर्नु पर्ने हुन्छ । जनगणनामा गणना नभएको परिवार PES मा गणना भएको पाईएमा के कारणले जनगणनामा गणना नभएको भनि परिवारका सदस्यलाई नै सोध्न सकिन्छ र यसको जाँचगर्न पारिवारिक विवरणको महल २.७, महल २.८ र महल २.९ बाट सहयोग मिल्दछ । तर जनगणनामा गणना भएको र PES मा गणना नभएको परिवारको अवस्थाका बारेमा वास्तविकता पत्ता लगाउन रुजु भ्रमण जानु पर्ने हुन्छ । PES र जनगणनाबाट प्राप्त फारमहरुको जोडा मिलाउन नसकिएमा त्यस्ता फारमको विवरणलाई टेलिफोन सर्म्पक गरेर शुद्धता पहिचान गर्न सकिन्छ । यदि यसो गर्दा पनि शुद्धता पहिचान हुन नसकेमा रुजु भ्रमणको आवश्यकता पर्दछ । यसरी जनगणनामा गणना भएको तर गणना जाँच सर्वेक्षणमा नभएको (Persons enumerated in the census but not in the post enumeration survey) रुजु गर्न तालिका 4.1 को प्रयोग गर्नु पर्दछ ।

